# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २५१ | काठमाडौं | सोमबार, २२ पुस २०८१ | Prabhab National Daily | Monday, January 06, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


माओवादीको राजनीतिक प्रतिवेदन

# कांग्रेस-एमालेसँग मिलेर चुनाव लड्नु गल्ती

## रास्वपा भरपर्दो देखिएन, लोकतन्त्रको 'सर्भिसिङ' गर्ने बेला भयो

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले विगतमा दुई ठूला दलसँग मिलेर चुनाव लड्नु गल्ती भएको जनाएको छ । आइतबारबाट सुरु भएको केन्द्रीय समितिमा पार्टी अध्यक्ष पुष्पकमल दाहालले प्रस्तुत गरेको प्रतिवेदनमा उक्त विषय उल्लेख गरिएको हो ।

संविधान कार्यान्वयनसम्म आइपुग्दा सहकार्य ठीक भए पनि पछि चुनाव लड्नु गल्ती भएको माओवादीको ठहर छ । 'युद्ध र संविधान कार्यान्वयनसम्म आइपुग्दा सहकार्य अनिवार्य थियो । तर, कुनै न कुनै रूपमा विगतमा कांग्रेस-एमालेसँग मिलेर चुनाव लड्नु गल्ती थियो भन्ने कुरा हामीले आत्मसमीक्षा गर्नुपर्छ,' अध्यक्ष दाहालले प्रस्तुत गरेको प्रतिवेदनमा भनिएको छ ।

संविधान जारी भएपछि पहिलोपटक २०७४ मा भएको निर्वाचनमा माओवादी एमालेसँग मिलेर चुनावमा गएको थियो । त्यतिबेला एमालेसँग एकता गरेरै चुनावमा गएको माओवादी पछि अलग्गिएर २०७९ को निर्वाचनमा कांग्रेससँग मिलेर चुनाव लडेको थियो ।

माओवादीले कांग्रेस-एमालेलाई परम्परागत शक्तिको रूपमा लिएको छ । यस्तो अवस्थामा आफूहरू घुम्तीमा रहेको र राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ शक्तिले पनि भरपर्दो विकल्प दिन नसकेको ठहर गरेको छ । 'नयाँ भन्नेहरूले पनि विचार, राजनीति र कार्यशैलीको भरपर्दो ढंगले विकल्प दिन नसकेको देखिन्छ । अब माओवादीले क्रान्तिकारी विकल्प बन्नका लागि सस्तो लोकप्रियताको आधारमा भन्दा पनि


क्रमशः पृष्ठ २ मा


एमालेको राजनीतिक प्रतिवेदन

# माओवादीबाट पटक-पटक धोका




**काठमाडौं (प्रस)–** नेकपा एमालेको केन्द्रीय समिति बैठक पनि आइतबारबाटै सुरु भएको छ । पार्टीको मुख्यालय च्यासलमा सुरु भएको केन्द्रीय समितिमा माओवादी छाडी कांग्रेससँग मिलिजुली सरकार निर्माण गरिएको विषयलाई प्राथमिकतामा राखिएको छ ।

दुई-दुई पटक प्रधानमन्त्री बनाउन एमालेले सघाउँदा पनि माओवादी अध्यक्ष पुष्कमल दाहालले पुरानै चरित्र दोहोर्‍याएपछि सरकारबाट बाहिरिएर कांग्रेससँग मिलेको अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदनमा उल्लेख छ । 'राष्ट्रपतिको निर्वाचनको बिन्दुसम्म आइपुग्दा त माओवादी केन्द्र दाउपेच, विश्वासघात र शक्ति केन्द्रहरूको दबाबसामु आत्मसमर्पणको तल्लो बिन्दुसम्म ओर्लियो । त्यस स्थितिमा हामी सरकारमा बसिरहन सक्ने अवस्था हुँदैनथ्यो ।


क्रमशः पृष्ठ २ मा


# मुक्कुम्लुङमा केबलकार बनाउन 'बलजफ्ती'

## थप चर्किंदै 'नो केबलकार' आन्दोलन

- पत्राउ परेका आन्दोलनकारी रिहाइसँगै तमोर करिडोर र मेची राजमार्ग बन्द स्थगित
- पत्राउ परेका आन्दोलनकारीलाई कुटपिट गरी शारीरिक यातना दिएको आरोप
- आन्दोलनका अन्य कार्यक्रम जारी राख्ने र आन्दोलनलाई थप सशक्त बनाउने निर्णय



**पाथीभरा केबलकार खारेजीको माग गर्दै आइतबार मेची राजमार्ग बन्द गराउनेक्रममा आन्दोलनरत स्थानीय ।**
*तस्बिरः केबलकार खारेजी संघर्ष समितिको पेजबाट*

■ **जेबी योञ्जन**

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा केबलकार निर्माण नगर्न दबाब दिँदै आएको संघर्ष समितिले आन्दोलनलाई थप सशक्त बनाउने बताएको छ । सुरक्षाकर्मीको फिर्ती माग राखेर अनिश्चितकालीन यातायात बन्द गरेको समितिले आइतबार मेची राजमार्ग र तमोर कोरिडोर सडकमा सवारी आवागमन ठप्प पारेको थियो । यी दुई सडकखण्डको ठाउँठाउँमा आन्दोलनकारीहरू बसेका थिए, जसले गर्दा सवारीसाधन आवागमन आइतबार प्रभावित बनेको थियो ।

संघर्ष समितिमा रहेकी किरात याक्थुङ चुम्लुङकी केन्द्रीय महासचिव निरन्ती तुम्बापोका अनुसार स्थानीय आदिवासी लिम्बू (याक्थुङ) समुदायको मागलाई बेवास्ता गर्दै सुरक्षाकर्मी परिचालन गरेर बलपूर्वक केबलकार निर्माण गर्न लागिएको बताएकी छन् । त्यसविरुद्ध निरन्तर संघर्ष गरिरहने उनले चेतावनी दिइन् ।

'तल्लो फेदीमा प्रदेश सरकारले नै प्रहरी खटाएको छ । सशस्त्र प्रहरी लगेर राखिएको छ । एक जना होटल व्यवसायीलाई विस्थापित गरेर सुरक्षाकर्मी राखिएको छ,' उनले प्रभावसँग

> आन्दोलनकारीमाथि दमन गराउन सुरक्षाकर्मी लगेर राखिएको छ । हामी भन्दै छौं छिटो सुरक्षाकर्मी हटाइयोस्, त्यसकै लागि हामीले चक्काजाम गर्‍यौं ।
>
> ■ **निरन्ती तुम्बापो**
> **महासचिव, कियाचु**

भनिन्, 'जबकि त्यहाँ सुरक्षाकर्मी नै चाहिँदैन । तर, आन्दोलनकारीमाथि दमन गराउन सुरक्षाकर्मी लगेर राखिएको छ । हामी भन्दै छौं छिटो सुरक्षाकर्मी हटाइयोस्, त्यसकै लागि हामीले चक्काजाम गरेका थियौं ।' आइतबार आन्दोलनकारीहरूले ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई फोन गरेर तल्लो फेदीबाट सशस्त्र र नेपाल प्रहरीलाई हटाउन दबाब दिए । तर, शर्मा दुवै सुरक्षा निकायलाई हटाउन तयार देखिएका छैनन् ।

तुम्बापोले भने आदिवासीको थातथलोमा कुनै संरचना बनाउनुपरे सरकार पक्षले पहिले प्रहरी लाने, त्यसपछि सशस्त्र प्रहरी हुँदै अन्ततः सेना लगेर बलपूर्वक संरचना निर्माण गराउने गरेको बताइन् । हाल मुक्कुम्लुङमा सरकारले त्यसै गरेको भन्दै उनले आक्रोश पोखिन् । उनले अहिले त्यहाँ केही मान्छेलाई सरकारले नै आन्दोलनकारीविरुद्ध खडा गरेको दाबी गरिन् ।

गत २३ कात्तिकमा केबलकार निर्माणका लागि मेसिन लगेर शिलान्यास गरिएको थियो । त्यसबेला सरकारपक्षबाट बल प्रयोग भएको थियो । मजदुर अर्जुन लिम्बूमाथि ठेकेदारपक्षबाट खुकुरी प्रहार भएको थियो ।


क्रमशः पृष्ठ २ मा


## यसरी बनाइँदै छ केबलकार

मुक्कुम्लुङ (पाथीभरा)को फेदी काफ्लेपाटीमा केबलकारको तल्लो स्टेसन रहने छ । यो सदरमुकाम फुङलिङबाट २२ किलोमिटर टाढा छ । यहाँ स्टेसन निर्माणका लागि व्यवसायी चन्द्रप्रसाद ढकालले करिब ६० रोपनी जग्गा किन्ने प्रक्रिया अघि बढाइसकेका छन् ।

तल्लो स्टेसनमा मेकानिकल र इलेक्ट्रिकल हाउस, ड्राइभिङ मेसिनसरी, टिकट घर, कन्ट्रोल रुम र केबलकारको पार्किङस्थल रहने भनिएको छ । त्यहाँ कार पार्किङ एरिया र ढकालले सञ्चालन गर्ने रेस्टुरेन्ट र पसलहरू सञ्चालन गरिने छ । यो तल्लो स्टेसनमा केबलकारको मुख्य ड्राइभिङ स्टेसन रहने छ । फेदीबाट २.७ किलोमिटरको दूरीमा मन्दिर छेउको माथिल्लो स्टेसनमा पुगिने छ ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

रूसका लागि श्रम स्वीकृति खुलाउने तयारी

# सरोकारवाला भन्छन्- अहिल्यै हतार नगरौं



> हालको अवस्थामा सरकारले रूस जाने बाटो खुलाए युद्धको जोखिमबाट गुज्रनुपर्ने अवस्था आउन सक्छ । युद्धग्रस्त मुलुकमा कामदार पठाउन जोखिमयुक्त भए/नभएको भन्ने विषयलाई वैज्ञानिक तवरबाट पर्याप्त अध्ययन नगरी पठाउन हतार गर्न कुनै पनि हालतमा हुँदैन ।
>
> ■ **रामेश्वर नेपाल**, श्रमविज्ञ



> कामदारको सुरक्षा सुनिश्चित नभई श्रम स्वीकृति खुला गर्न हुँदैन । यदि श्रमिक पठाउने निर्णय भएको छ भने दुवै देशको सरकारले उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ ।
>
> ■ **कान्तिका सेजुवाल**
> **प्रतिनिधिसभा सदस्य**

■ **ममता थापा**

**काठमाडौं–** शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले रुसमा वैदेशिक रोजागरीमा जानका लागि श्रम स्वीकृति खुला गर्ने संकेत गरे । गैरआवासीय नेपाली संघ (एनआएरएनए) का अध्यक्ष डा. बद्री केसीसँगको भेटमा उनले छिट्टै श्रम स्वीकृति खुला गर्न परराष्ट्र मन्त्रालयसँग समन्वय गर्ने प्रतिबद्धता जनाएका थिए । यसबारे परराष्ट्र मन्त्रालयले भने कुनै धारणा सार्वजनिक गरिसकेको छैन ।

श्रममन्त्रीको उक्त अभिव्यक्ति सार्वजनिक भएसँगै उनको आलोचना सुरु भएको छ । सरोकारवालाहरूले पनि यसलाई 'अनावश्यक हतारो' भन्दै प्रश्न उठाएका छन् । एनआरएनएको दबाबमा परेर श्रममन्त्री रुसको श्रम स्वीकृति खुलाउन लागिपरेको कतिपयले दाबी गरेका छन् । एनआरएनएका अध्यक्ष केसीले श्रम स्वीकृति खुला गरिदिएर वर्षौंदेखि रुसमा रहेर विभिन्न पेसा, व्यवसाय गर्दै आएका हजारौं नेपालीलाई सहजरूपमा आवतजावत गर्न बाटो खुलाइदिन मन्त्री भण्डारीसँग आग्रह गरेका थिए । जबकि, युद्धरत मुलुक रुसमा सेनामा सहभागी हुनुपर्ने खतरालाई मध्यनजर गर्दै वैदेशिक रोजगार विभागले २०८० पुस १९ गते श्रम स्वीकृति दिन रोकेको थियो । युद्ध जारी नै रहेको अवस्थामा नेपालीहरूलाई श्रम गर्नका लागि रुस पठाउने तयारी गर्नु उचित नभएको सरोकारवालाले बताएका छन् ।

### के भन्छन् सरोकारवाला ?

रुस-युक्रेन युद्धका कारण सरकारलाई त्यहाँ भएका नेपालीको यकीन तथ्यांक राख्नसमेत कठिन छ । त्यहाँ फसेका नेपालीको उद्धार गर्न पनि भारतसँग हारगुहार गर्नुपर्ने अवस्थामा सरकारले फितलो ढंगले यस्तो असंवेदनशील निर्णय गर्न खोजेको विज्ञ बताउँछन् । श्रमविज्ञ रामेश्वर नेपाल हालको अवस्थामा सरकारले रुस जाने बाटो खुलाए युद्धको जोखिमबाट गुज्रनुपर्ने अवस्था आउने बताउँछन् । यदि उनीहरूलाई सेनामाबाहेक अन्य सुरक्षित भनिएका क्षेत्रमा काम लगाए पनि स्वयं कामदार र परिवारजन मानसिक त्रासदीबाट मुक्त नहुने उनको भनाइ छ ।

'युद्धग्रस्त मुलुकमा श्रमिक पठाउँदा विगतमा भएका घटना बिर्सनु हुँदैन । ती देशमा कामदार पठाउन जोखिमयुक्त भए/नभएको भन्ने विषयलाई वैज्ञानिक तवरबाट पर्याप्त अध्ययन नगरी पठाउन हतार गर्न कुनै पनि हालतमा हुँदैन,' श्रमविज्ञ नेपालको तर्क छ ।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिकी सदस्य कान्तिका सेजुवाल समितिलाई उक्त विषयको जानकारी नै नभएको बताउँछिन् । उनले कामदारको सुरक्षा सुनिश्चित नभई श्रम स्वीकृति खुला गर्न नहुनेमा जोड दिइन् । 'यदि श्रमिकहरूलाई पठाउने निर्णय भएको छ भने दुवै देशको सरकारले उनीहरूको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ,' सांसद सेजुवालको धारणा छ ।

वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेल पनि युद्धग्रस्त मुलुकमा श्रमिक पठाउनु जोखिमपूर्ण हुने बताउँछन् । यद्यपि सरकारले तयारी गर्‍यो भन्दैमा आजको भोलि कामदारहरू रुसमा लगिहाल्ने भन्ने बुझ्न नहुने उनले बताए । युद्धविराम भएपश्चात् त्यहाँ पुनर्निर्माणका लागि झन् धेरै श्रमिकहरू आवश्यक पर्ने हुँदा त्यहाँ जाने वैधानिक बाटो सरकारले खुलाउनु सकारात्मक भएको उनको टिप्पणी छ ।

### मन्त्री भण्डारी विगतमा पनि आलोचित

वैदेशिक रोजगारीका लागि जान चाहने नेपाली कामदारका लागि श्रम स्वीकृति प्रदान


क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## मुक्कुम्लुङमा केबलकार...

अर्जुन घाइते भए । तर, किटानी जाहेरी जिल्ला प्रहरी कार्यालयले लिएन । जिल्ला अदालतले पनि दर्ता गर्न अस्वीकार गऱ्यो । हतियार प्रहार भएका अर्जुनले कर्तव्य ज्यान उद्योगसम्बन्धी जाहेरी दिएका थिए । यसपछि अर्जुन उजुरीका लागि उच्च अदालत इलाम आए । त्यहाँ भने दर्ता भएको छ । तर, अदालतले मुद्दामाथिको कारबाही थालेको छैन ।

अर्कातिर यही १५ पुसमा मुक्कुम्लुङ संघर्ष समितिका टोलीसँग गएका तीन जनामाथि केबलकार निर्माणका लागि स्थानीय ठेकेदार रहेका इन्द्र केदेमपक्षले कुटपिट गरे । उल्टै उनीहरूलाई प्रहरीले हिरासतमा राखे । उनीहरू हुन्, जनम इधिंगो लिम्बू र दुईजना बालक सुशील नुगो र सञ्जोक नुगो । तर, नुगोद्वयलाई प्रहरीले गैरकानुनीरूपमा हिरासतमा राखेको आन्दोलनरत पक्षको भनाइ छ । दुवै पाँचथरको ओयामका हुन् । उनीहरूलाई प्रहरी प्रशासनले रिहा गर्न आनाकानी गरेपछि आइतबार तमोर करिडोर र मेची राजमार्ग आन्दोलनकारीहरूले बन्द गरेका हुन् । यद्यपि, आइतबार साँझ उनीहरू रिहा भए ।

उनीहरूको रिहाइसँगै तमोर करिडोर र मेची राजमार्ग बन्द स्थगित गरिएको आइतबार साँझ प्रेस विज्ञप्तिमार्फत जानकारी दिइएको छ । यद्यपि, आन्दोलनका अन्य कार्यक्रम जारी राख्ने र आन्दोलनलाई थप सशक्त बनाउने निर्णय भएको सातवटा संघ संस्थाले जारी गरेको संयुक्त विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, आन्दोलनका क्रममा आइतबार नै झापामा पक्राउ परेका आन्दोलनकारीहरू काङ्सोरे लावती र यलम्बर याक्थुङ्बा पनि साँझ रिहा भएका छन् । तर, तल्लो फेदीबाट सुरक्षाकर्मी फिर्ता गर्न प्रमुख जिल्ला अधिकारी शर्मा तयार देखिएका छैनन् । शर्माले भने, 'अहिले सुरक्षाकर्मी हटाउनेबारे केही सोचिएको छैन ।' यसअघि आन्दोलनकारीको दबाबपछि तल्लो फेदीबाट सशस्त्र प्रहरी हटेका थिए । यद्यपि, प्रहरी र सशस्त्र दुवै सुरक्षा निकायलाई लगेर पछिल्लोपटक सरकारले राखेको हो । यसलाई आन्दोलनकारीहरूले जबर्जस्ती केबलकार निर्माण गर्न सरकारी पक्ष अघि बढेको अर्थमा बुझेका छन् ।

आन्दोनलकारीहरूले पवित्र मुन्धुमीस्थलमा केबलकार बनाउनु अनुचित भन्दै आएका छन् । हुन पनि केबलकार निर्माण गर्दा त्यहाँ हजारौं रुख कटान भइसकेका छन्, जसले पर्यावरणीय सन्तुलनमै खल्खल पुऱ्याउन सक्ने चिन्ता प्रकट भइरहेको छ । अर्कातिर हाल मुक्कुम्लुङका कारण करिब ८०० परिवारले जीवन निर्वाह गर्दै आएका छन् । उनीहरूले अशक्त र अपांगता भएकालगायतलाई बोकेर मुक्कुम्लुङ पुऱ्याउँछन् । त्यसबापत निश्चित शुल्क लिन्छन् । त्यसले ठूलो परिवारलाई रोजगारी प्रदान गरेको छ । केबलकार निर्माणविरुद्धको संघर्ष समितिमा रहेकी तुम्बापो भन्छिन्, 'यदि चन्द्र ढकालले त्यहाँ केबलकार निर्माण गरे ८०० भन्दा बढी परिवारले रोजगार गुमाउँछन् । उनीहरू बाध्य भएर विदेसिनुपर्छ । अहिले त कमसेकम रोजगारी पाएका छन् । पछि गुम्छ ।'

मुक्कुम्लुङ देशकै तेस्रो बढी भेटी संकलन हुने धार्मिक केन्द्र हो । भेटीलाई राज्यकोशमा जम्मा गर्ने गरिन्छ । टाढाटाढादेखि मनोकांक्षा पूरा होस् भनेर जाने भक्तजनहरूले भेटी चढाउने गरेका छन् । आस्थाको केन्द्र भएकाले शीर निहुऱ्याएर मनोकांक्षा पूरा होस् भन्छन् । तर, त्यस्तो पवित्र धार्मिक केन्द्रमाथि केबलकार कुदाउनु गलत हुने उनीहरू बताउँछन् ।

केबलकार निर्माण परियोजनाले तीनवटा स्थानीय तह प्रभावित हुन्छन् । फुङलिङ नगरपालिका, फक्ताङलुङ गाउँपालिका र सिरिजंघा गाउँपालिका प्रभावित हुनेमा पर्छन् । हालसम्म फुङलिङबाहेकका दुवै स्थानीय तहले केबलकार निर्माणका लागि सहमति दिएका छैनन् । तर, पनि परियोजना निर्माण कार्य दमन गराएर भए पनि अघि बढाउने पक्षमा ठेकेदार कम्पनी देखिएको छ । यही १५ पुस र २३ कात्तिकको घटनाले त्यही पुष्टि गराउँछ । यसप्रति नागरिक समाजले विरोध गरेको छ । विकासको नाममा दमन बन्द गर्न सरकारलाई चेतावनी दिएको छ ।

विज्ञप्ति जारी गरेर नागरिक समाजले ऐतिहासिक-सांस्कृतिक सम्पदा मुन्धुमी भूमि ताप्लेजुङस्थित मुक्कुमलुङको बृहत्तर संरक्षणका लागि त्यहाँका आदिवासी लिम्बूलगायत स्थानीय समुदायहरू विगत सात वर्षदेखि निरन्तर संघर्षरत जनाएको छ । विकासको नाममा भ्रम छर्दै बहुप्रजातियुक्त जल, जंगल, जमिन, संस्कृति, सम्पदाहरू मासेर निश्चित लगानीकर्ता र कम्पनीलेमात्रै नाफा कमाउने पाथीभरा दर्शन केबलकार बनाउने कार्यको विरोधमा मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति र केबलकार खारेजी संयुक्त संघर्ष समितिको नेतृत्वमा आन्दोलनरत रहेको उल्लेख गरेको छ । तर, शान्तिपूर्ण विरोधलाई संवाद र सहमतिमा रूपान्तरण गर्नुको सट्टा शक्ति र सत्ताको आडमा जुनसुकै स्थितिमा भए पनि केबलकार बनाइछाड्ने बलमिच्याइ, सुरक्षा संयन्त्रको ज्यादतीपूर्ण हस्तक्षेप, मनोमानी ढंगले निहत्था नागरिकहरूलाई पक्रिनु र कुटपिट गरिनुजस्ता कार्यप्रति गलत भएको समाजले विज्ञप्तिमा उल्लेख गरेको छ । जनता समाजवादी पार्टी (जसपा) नेपाल, राष्ट्रिय जनमुक्तिलगायत दलले पनि दमनको विरोध गरेका छन् ।

■■■

## यसरी बनाइँदै...

एकतर्फी केबलकार नौ मिनेटमा पार हुने छ । पाथीभरामा ४३ वटा गोन्डुला (केबलकारका डिब्बा) सञ्चालनमा ल्याइने छ । ढकालले सञ्चालनमा ल्याउने केबलकार र होटल दैनिक १० घण्टा सञ्चालन हुने छ । दैनिकरूपमा १० हजार यात्रु बोक्ने क्षमता रहने सञ्चालकको दाबी छ । वर्षमा ३५० दिन चल्ने र वार्षिकरूपमा तीन करोड ५० लाख यात्रु ओसार्न सकिने कम्पनीको दाबी छ ।

डेढ वर्षमा केबलकार सञ्चालनमा आइसक्ने दाबी गरिएको छ । पहिलो दुई वर्ष २० प्रतिशत क्षमतामा सञ्चालन हुने छ भने त्यसपछिका छ वर्षसम्म क्रमशः १० प्रतिशत क्षमता बढ्दै जाने र सातौं वर्षदेखि ६० प्रतिशत क्षमतामा केबलकार चल्ने बताइएको छ ।

■■■

## कांग्रेस–एमालेसँग...

स्पष्ट विचार, राजनीति, कार्यक्रम र कार्ययोजनासहित अगाडि बढ्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ । माओवादीले लोकतन्त्रको 'सर्भिसिङ' गर्ने समय आइसकेको आवाजसमेत बैठकमा उठाएको छ । 'अब लोकतन्त्रलाई पुरानै ढर्रामा चलाउन सकिँदैन । सर्भिसिङ गर्ने बेला आयो,' माओवादी अध्यक्षको प्रतिवेदनमा भनिएको छ ।

माओवादीले कांग्रेस-एमालेप्रतिको घट्दो जनविश्वास र माओवादी आकर्षणले अब आफ्नो राजनीतिक धारमा चुनाव लड्नुपर्छ भन्ने शिक्षा पाएकोसमेत जनाएको छ । 'हामी घट्नुपर्ने घटिसक्यौं, अब बढ्नेतिर लाग्यौं । तर, अरुभन्दा फरक हुन सकिएन भने हुँदैन । ०८४ को चुनावका लागि अहिलेदेखि लाग्नुपर्छ । अब वैकल्पिक शक्ति हामी नै हो । कांग्रेस-एमालेले लिन सक्दैनन्,' दाहालले भने ।

पछिल्लो राजनीतिक सवालमा एमाले अध्यक्ष केपी शर्मा ओलीको सरकार नांगिदै गएको माओवादीका ठहर छ । 'हामीले सुरू गरेका कामहरू, सुशासनको थालनीलाई सरकारले पन्छाउँदै गइरहेको छ । सरकार र यसको काम जनताको पक्षमा छैन, जनताहरू खुसी छैनन् अहिलेको सरकारसँग । केपी ओली सरकार आफैं नांगिदै गइरहेको छ ।'

■■■

## माओवादीबाट...

हामी सरकारबाट बाहिरियौं,' पहिलोपटकको सत्ता समीकरण छाड्नुका कारण राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

पटक-पटकको राजनीतिक धोकापछि कांग्रेससँग मिल्नुको विकल्प नदेखिएको प्रतिवेदनमा उल्लेख छ । 'नेकपा एमाले र नेपाली कांग्रेसका बीचमा निर्माण गरिएको यस सहकार्यको मुख्य उद्देश्य मुलुकमा राजनीतिक स्थायित्व सुनिश्चित गर्नु हो । राजनीतिक अस्थिरता गहिरिँदै जाँदा यसले जनतामा नैराश्य वृद्धि गर्ने र लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा रहेका शक्तिहरूको माओवादीबाटमनोबल बढ्दै गएर लोकतन्त्र नै संकट पार्ने स्थितिलाई बोध गर्दै हामी यसरी बढ्दै जाने र मुख्य राजनीतिक निष्कर्षमा आइपुगेका हौं,' एमालेको राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

कांग्रेससँग मिलेर सरकार बनाएपछि अर्थतन्त्रमा सुधार आएको एमाले प्रतिवेदनमा उल्लेख छ । 'यस अवधिमा मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै आएको छ । राजनीतिक स्थायित्वको सन्देश र बलियो सरकारको गठनसँगै निजी क्षेत्रमा विश्वास अभिवृद्धि भएको छ । वर्तमान सरकारले अर्थतन्त्रलाई ओरालो लाग्नबाट रोकेर क्रमशः सकारात्मक दिशामा अगाडि बढाएको छ,' प्रतिवेदनमा भनिएको छ ।

ओलीले प्रस्तुत गरेको प्रतिवेदनमा राजस्व वृद्धि भएको, पुँजीबजारमा सकारात्मक सुधार हुँदै गएको विषयलाई अर्थतन्त्र सुधारको सूचकका रूपमा उल्लेख गरिएको छ । 'पुँजीबजारमा सकारात्मक सुधार हुँदै आएको छ । गत वर्षको यसै अवधिको तुलनामा राजस्व वृद्धि भएको छ, निर्यात तथा आयातमा सुधार भएको छ र पुँजीगत खर्चमा वृद्धि भएको छ । पहिलोपल्ट नेपालको सार्वभौम क्रेडिट रेटिङ सम्पन्न भएको छ र नेपालले दक्षिण एसियामा भारतपछिको दोस्रो स्थान सुरक्षित गरेको छ,' राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

अध्यक्षको प्रतिवेदनमाथि २७ केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राखेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । बैठकमा प्रत्येक केन्द्रीय सदस्यलाई तीन मिनेट बोल्ने समय दिइएको छ ।

### भीम रावललाई कारबाहीबारे- विष लागेको औंला झर्छ

बैठकमा हालै नेता भीम रावललाई गरिएको कारबाहीमाथि केन्द्रीय सदस्यद्वय प्रकाश शाह र झपटबहादुर रावलले विरोध जनाएका छन् । एमालेको पुस १० गते बसेको केन्द्रीय सचिवालय बैठकले पूर्वउपाध्यक्ष भीम रावललाई पार्टीबाटै निकाला गर्दै विन्दा पाण्डे र उषाकिरण तिम्सेनलाई छ महिनाका लागि निलम्बनको निर्णय गरेको थियो । शाह र रावलको विरोधको बावजुद् उक्त निर्णय आइतबार केन्द्रीय समिति बैठकबाट अनुमोदन भएको छ ।

ओलीको राजनीतिक प्रतिवेदनमा रावललाई विष लागेको औंलाको रूपमा चित्रण गरिएको छ । 'जुन औंलामा विष लागेको छ, त्यही औंला झर्ने हो । विषाक्त औंलालाई जोगाउन सिँगै हात र कहिलेकाहीँ त पूरै शरीरको बलिदान दिन सकिँदैन । हामीले यही गर्दै आएका छौं र भोलि पनि यही गर्नेछौं ।'

■■■

## सरोकारवाला भन्छन्...

गर्दा युद्धरत देश रुसमा सेनामा सहभागी हुनसक्ने सम्भावना रहेको र सोबाट सिर्जना हुनसक्ने मानवीय जोखिम रहेको भन्दै २०८० पुस १९ गते वैदेशिक रोजगार विभागले रुसका लागि श्रम स्वीकृति दिन रोकेको थियो । त्यसको करिब दुई महिनापछि श्रम मन्त्रालयका तत्कालीन सचिव केबलप्रसाद भण्डारीले रुसमा श्रम स्वीकृति खुलाउने निर्णय सार्वजनिक गरे । त्यसबखत भर्खरै मन्त्री भएका डोलप्रसाद (डिपी) अर्याल यस विषयमा आफूलाई जानकारी नभएको भन्दै हिँडे । 'जोखिम हुँदाहुँदै श्रम स्वीकृति दिएर सरकारले के गर्न खोजेको ?' भन्दै प्रतिनिधिसभामासमेत प्रश्न उठेको थियो । सचिवस्तरीय उक्त निर्णय हुँदा त्यसबेला पनि श्रम मन्त्रालयको नेतृत्वमा शरतसिंह भण्डारी नै भएको थाहा भयो । म्यानपावर व्यवसायीको प्रभावमा परेर मन्त्रालयले श्रमिकको जोखिम ख्यालै नगरी यस्तो निर्णय गरेको भन्दै उनी त्यतिबेला पनि आलोचित भएका थिए ।

२०७८ फागुन १२ गतेबाट सुरु भएको रुस-युक्रेन युद्ध अझै अन्त्य हुने छाँटकाँट छैन । अन्तर राष्ट्रियस्तरबाट भएका प्रयासहरू पनि असफल हुँदै आएका छन् । रूसी सेनामा भर्ती भएका नेपालीहरू कहिले भिडियोमार्फत आफूहरूलाई निकालिदिन भारत सरकारसँग आग्रह गरिरहेको त कहिले बन्धक बनेको, कहिले युद्धमैदानमा मारिँदा शव ल्याउनसमेत कठिनाइ भएका घटना हामीमाझ ताजै छन् । यसका अलावा रुस पुग्ने वैधानिक बाटो खुला नहुँदा वर्षेनि हजारौं युवाहरू दलाललाई लाखौं बुझाएर त्यहाँ पुग्ने र अलपत्र पर्ने गरेको तीतो यथार्थ पनि हामीमाझ छ । उनीहरूको समस्या समाधान कुनै पनि हालतमा हुनुपर्छ । तर, स्वार्थ समूहको प्रलोभनमा द्वन्द्वरत मुलुकमा युवाहरूलाई पठाउँदा निम्तने जोखिमप्रति संवेदनशील हुनुपर्नेमा विज्ञहरूको जोड छ ।


**तिलाठी कोईलाडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
तिलाठी, सप्तरी
मधेश प्रदेश, नेपाल

**दरभाउपत्र स्विकृतीको आशयको सूचना**

(प्रकाशित मिति २०८१।०९।२२)

उपरोक्त सम्बन्धमा यस कार्यालयले मिति २०८१।०८।१३ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित गरेको ३० दिने र्सावजनिक सूचना अनुसार प्राप्त्र हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएका बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही भई स्विकृतिको लागी छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सबै शिलबन्दि बोलपत्रदाताहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का सूचना न. | छनौट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कामको बिबरण | कबोल अंक |
|---|---|---|---|---|
| १ | ०१/०८१।०८१ | श्री सोनाई सिड सेन्टर, रा.बि ८, सप्तरी | गेहुको बिंउ खरिद गरि सप्लाय गर्ने कार्य | १.एन.एल ९७१ -प्रति.के.जि १००।- १ बिजय-प्रति.के.जि १००।- |

प्रमुख प्रशासकीय अधिकृत



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**
**(मिनाहामोजरा शाखा, हलचोक, काठमाण्डौं)**

**सम्पत्ति तथा जिन्सी मालसामान र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**सूचना नं. ०८१/औं८२/०१**
**प्रथम पटक प्रकाशित मिति :- २०८१/०९/२२ गते**

यस सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान एवं सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रबाहित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/१०/१३ गते) भित्र बोलपत्र खरिद गरी २२ औं दिन (मिति २०८१/१०/१४ गते) मा दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनिलाई आह्वान गरिन्छ । लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानहरु र दर्ता नामसारी नहुने सवारी साधन सहितको मु.अ.कर बाहेक न्युतनम कायम जम्मा मूल्य रु.१३,६५,४७२.७७ (अक्षरुपी तेह्र लाख पैसट्ठी हजार चार सय बहत्तर रुपैयाँ र सतहत्तर पैसा मात्र) रहेको छ । विस्तृत व्यहोरा बोलपत्र फाराम तथा सशस्त्र प्रहरी बल, नेपालको Website:-www.apf.gov.np मा राखिएको छ । यस सम्बन्धमा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मिनाहामोजरा शाखाबाट थप जानकारी प्राप्त गर्न सकिनेछ ।


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


सोमबार, २२ पुस, २०८१

| | |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| मिथुन | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| कर्कट | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| सिंह | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कन्या | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| तुला | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| वृश्चिक | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| धनु | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| मकर | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| कुम्भ | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| मीन | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ पुस, २०८१ (६ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.५६ | १३७.१६ |
| युरो | १ को | १४२.४२ | १४३.०४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.३७ | १७२.१२ |
| स्विस फ्रैन्क | १ को | १५१.६२ | १५२.२९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८५ | ८५.२२ |
| क्यानाडियन डलर | १ को | ९४.८३ | ९५.२४ |
| सिङ्गापुर डलर | १ को | १००.४८ | १००.९२ |
| जापानी येन | १० को | ८.६६ | ८.७० |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३६.३६ | ३६.५२ |
| कतारी रियाल | १ को | ३७.४७ | ३७.६३ |
| थाई भाट | १ को | ४.०२ | ४.०४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१८ | ३७.३४ |
| मलेसियन रिङेट | १ को | ३०.५४ | ३०.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४८ |
| डेनिस क्रोनर | १ को | १९.१० | १९.१८ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४३.१३ | ४४५.०८ |
| बहराइन दिनार | १ को | ३६१.८९ | ३६३.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आदिवासी जनजाति पत्रकारका लागि क्षमता अभिवृद्धि कार्यक्रम




■ प्रभाव संवाददाता

**काठमाडौं–** आदिवासी जनजाति पत्रकारहरूका लागि दुईदिने विषयगत क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरूलाई लक्षित गरी राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघ-नेपालले यही पुस १८ र १९ गते उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमको सहआयोजकमा इण्डिजिनियस टेलिभिजन रहेको थियो ।

कार्यक्रमको पहिलो दिन आदिवासी जनजाति पत्रकारिताको अभ्यास र चुनौतीहरूका विषयमा इण्डिजिनियस मिडिया फाउण्डेसनका अध्यक्ष देवकुमार सुनुवारले प्रशिक्षण दिएका थिए । सोही दिन त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक एवं राष्ट्रिय आदिवासी जनजाति अपांग महिला संघकी अध्यक्ष प्रतिमा गुरुङले सामाजिक विविधता र आदिवासी जनजाति तथा न्यून प्रतिनिधित्व भएका समुदायको अधिकार र पहिचानका बारेमा प्रस्तुति राखिन् । जलवायु परिवर्तनको परिभाषा, यसका न्यूनीकरण तथा अनुकूलनको अभ्यास, जलवायु न्याय, आदिवासी महिला, युवा तथा अपांगता भएकाहरूको अधिकार हनन्विरुद्ध मिडियाको भूमिकाको बारेमा अदिवासीविज्ञ डा. श्रीकुमार महर्जनले प्रशिक्षण दिए ।

दोस्रो दिन मिडियामा अपांगताको सवालहरूको प्रस्तुति, मानवअधिकारमुखी ढाँचा र भाषागत शिष्टाचारका बारेमा कृष्ण गहतराजले प्रशिक्षण दिए । भूमि, भूभाग र भूक्षेत्र तथा प्राकृतिक स्रोतसँग आदिवासीको सम्बन्ध महिला, युवा तथा अपांगता भएका आदिवासीको आत्मनिर्णयका अधिकार तथा स्वशासनमा मिडियाको भूमिकाका बारेमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)का सचिव अधिवक्ता भीम राईले प्रशिक्षण दिए । परम्परागत प्रथाजनित संस्था र प्रथाजन्य कानुन र प्रथाजनित न्यायप्रणालीको समाचार रिपोर्टिङका बारेमा भुवन केसीले प्रशिक्षण दिए ।

सोही दिन इण्डिजिनियस कम्युनिटी रेडियो नेटवर्कले सञ्चारमा आदिवासी जनजातिका नीति र प्रस्तावित सञ्चार विधेयकसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । नेटवर्कका अध्यक्ष जगतमान लामाद्वारा सञ्चालित अन्तरक्रियामा राष्ट्रिय सभा सदस्य सुरेश आले मगर, प्रतिनिधिसभा सदस्य सुशिला थिङ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी अध्यक्ष डिमी शेर्पा, चेपाङ समाजका अध्यक्ष गोविन्द चेपाङलगायत वक्ताको रूपमा सहभागी थिए ।

# बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचना तीव्र गतिमा पुनर्निर्माण गरिने




**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले भूकम्प र बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण तीव्र गतिमा अघि बढेको बताएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको २८औं बैठकमा गृहमन्त्री लेखकले विपद्बाट भएको क्षतिको मूल्यांकन र पुनर्निर्माण तीव्र रूपमा अगाडि बढ्ने बताएका हुन् ।

'डोटी, बाजुरा, बझाङ र जाजरकोटको भूकम्प तथा बाढीपहिरोले उत्पन्न विपद्बाट भएको क्षतिबारे विपद् क्षतिको मूल्यांकन (डिडिए)को काम सुरु गर्ने र डिडिए भइसकेको ठाउँमा पुनर्निर्माणको अगाडि बढाउने आजको बैठकले निर्णय गरेको छ,' उनले भने ।

विपद् क्षतिको मूल्यांकन भइसकेको ठाउँमा पुनर्निर्माणका लागि आवश्यक कानुनी र आर्थिक विषयमा निर्णय भएको गृहमन्त्री लेखकले बताए । 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी मापदण्ड केही समयअघि पारित भइसकेको छ । सोहीसम्बन्धी कार्यविधि आज (आइतबार) पारित गरेका छौं । आगामी माघ तेस्रो साताबाट जाजरकोट भूकम्पको विपद् क्षतिको मूल्यांकन सुरु हुने छ,' उनले भने ।

उक्त निर्णय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकमा प्रस्तुत गर्ने उनको भनाइ छ ।


## सच्याइएको

यस **Ishan Overseas Pvt. Ltd.** को Lot No. 316370 को विज्ञापन मितिः २०८१/०९/२१ को राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा भूलबस २०८१/०९/२० को प्रभाव दैनिक (वर्ष ११ अंक २४९) मा प्रकाशित हुन गएकोले उक्त सूचना रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

Ishan Overseas Pvt. Ltd.
Samakhusi, Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।१५ गते तमु ल्होसारको दिन काठमाडौँ रत्नपार्कस्थित टुँडिखेलमा पार्किङ गरिराखेको कालो रातो रङ्को 220cc बजाज पल्सर मोटरसाइकल अन्दाजी ३:०० देखि ९:०० भित्र हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : प्रदिप गुरुङ
बाइक नं.: बा.प्र. ०२-०५३ प ४५७८
च्यासिस नं.: MD2A13EX5RCE82384
इन्जिन नं. : DKXCRE32917
सम्पर्क: ९८१५१०३८२२/९८६०३५३०६३

## सिद्धार्थ इन्टरनेशनल होटल लि.

मायादेवी - ०८, भैरहवा

**वार्षिक साधारणसभा हुने स्थान परिवर्तन सम्बन्धी सूचना**

प्रकाशित मिति २०८१/०९/२२ गते प्रकाशित

मिति : २०८१/०९/०६ गते **प्रभाव राष्ट्रिय दैनिक**मा प्रथम पटक प्रकाशित सिद्धार्थ इन्टरनेशनल होटल लि.को **प्रथम वार्षिक साधारण सभा २०८१/०९/२७ गते भैरहवास्थित सिद्धार्थ इन्टरनेशनल होटलमा बिहान १०:०० बजे** बाट हुने भनिएकोमा शेयरधनीहरुको विशेष आग्रहमा सो बैठक सोही दिन, सोही समयमा **सिद्धार्थ इन्टरनेशनल होटल लि.को शाखा कार्यालय, काठमाडौं स्थित बौद्ध**मा हुने भएको सम्पूर्ण शेयरधनीहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अध्यक्ष
सिद्धार्थ इन्टरनेशनल होटल लि.

## दर्ता खारेजी सम्बन्धी सूचना

"सूचना तथा प्रसारण बिभागमा दर्ता नं १५६५, ०७६/०७७, मिति २०७६/०६/०५ मा दर्ता रहेको हलेसीपाटी सञ्चार प्रालि द्वारा संचालित www.halesipati.com नामक अनलाइन पत्रीकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइन सँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा आजको मितिले १५ दिन भित्र यस कम्पनीको ठेगाना हलेसी तुवाचुङ नगरपालिका ०७ खोटाङ, संचालकको सम्पर्क नम्बर -९८४२९७४५१९ वा email - halesipati2021@gmail.com मा सम्पर्क गर्नहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रकृया अगाडि बढाइनेछ ।"

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८१/०९/२२**

यस कम्पनी प्रा.लि.नं. २७२०५० मिति २०७८/०५/३१ मा दर्ता भएको **एम.जि. नेपाल रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनी **स्वारोजगार कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि. (प्रा.लि. नं २७२०५०)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रार कार्यालयको मिति २०८१/०९/१६ गतेको निर्णयअनुसार नाम परिवर्तन गरिएको व्यहोरा सबैका लागि जानकारी गराइन्छ ।

## तु- आवश्यकता

**आकर्षण स्किन एण्ड हेयर क्लिनिकको लागि अनुभवी OT Technician आवश्यक ।**

**योग्यताः-** छाला तथा कपालको क्लिनिकमा ३-५ वर्ष अनुभव प्राप्त गरेको ।

**सम्पर्कः- ०१-४६२१९६६**

akarshanskin@gmail.com

ठेगानाः- का.म.न.पा-३१, शान्तिनगर

## मञ्जु तामाङ लामाको १५ दिने सार्वजनिक सूचना

सिन्धु सिन्धुपाल्चोक जिल्ला, स्थाई घर भई हाल का.म.न.पा वडा नं ६ महाँकाल शान्ति टोल स्थित सुरेन्द्र कुमार लामा तामाङको जग्गामा बस्दै आउनु भएको तपाई मञ्जु तामाङ लामा विगत ५ महिना देखि भाडा नदिई जग्गा खाली गर्नु भन्दा पनि खाली गर्न अटेर गरी बस्दै आउनु भएकोले आजको मितिले १५ दिन भित्र सम्पर्कमा आई जग्गा भाडा रकम चुक्ता गरी जग्गा खाली बमोजिम प्रक्रिया गर्नु होला । अन्यथा कानून बमोजिम प्रक्रिया अगाडी बढाइने व्यहोरा यसै सूचना द्वारा सूचित गराइन्छ ।

**सुरेन्द्र कुमार लामा**
**का.म.न.पा.६ बौद्ध**

## अधिकृत वारेशनामा बदर सम्बन्धि सुचना

म उमा देबी रेग्मी बर्ष ७५ जिल्ला मोरङ कञ्चनबारी गा.बि.स .वडा नं. ६ हाल परिवर्तित जि. मोरङ बिराटनगर म.न.पा. वडा नं. १२ पशुपति टोल (बखरी) ले मिति २०७८ साल फागुन महिना ५ गते बिहिबार मा अन्जना पन्हौर थारु लाई कुनै पनि न्यायिक तथा अर्धन्यायिक निकाय लगायत अन्य अड्डा अदालतमा परि रहेको तथा मैले गर्नु पर्ने जो सुकै उपरको जुनसुकै मुद्दा मामिलामा आवस्यक पर्ने कानुन बमोजिमका कार्यहरुका लागि वारेस तोकिएको अधिकृत वारेसनामा दिएको थिए । तर, हाल परिस्थिति परिवर्तन भएको कारणले गर्दा, मैले उक्त वारेसनामा यसै सुचना प्रकाशित भएको मितिदेखि कानुनी रूपमा बदर गरेको जानकारी गराउन चाहन्छु । यसपश्चात्, उक्त वारेसनामाका आधारमा कुनै पनि कार्य कानुनी रूपमा मान्य हुने छैन । कसैले उक्त वारेसनामाको प्रयोग गरेमा त्यसको जिम्मेवारी सम्बन्धित व्यक्ति माथि हुनेछ भनि यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

वारेसनामा दिने व्यक्तिको नाम : **उमा देबी रेग्मी**
सम्पर्क नम्बर : ९८४२०३०२५२
मिति : २०८१/०९/२२

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको

**वार्षिक साधारण सभा बस्ने सूचना**

मिति २०८१।०९।०८ (तदनुसार २३ डिसेन्बर २०२४) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको ४३ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न बिषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ माघ ३ गते (१६ जनवरी २०२५) बिहिबार ।
समय : विहान ९:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गोल्छा हाउस, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरु :**
१. आर्थिक वर्ष २०८०।८१ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम लाभांश स्विकृत गर्ने ।
४. व्यवसायीक सामाजिक जिम्मेवारीका लागी छुट्याइएको रकम अनुमोदन गर्ने ।
५. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने ।
६. संचालकहरुको पारिश्रमिक अनुमोदन गर्ने ।
७. आर्थिक वर्ष २०८१।८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
८. विविध ।

नोट : साधारण सभा तथा लाभांश बितरण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८१ पौष २५ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**

## Tourism Development Office

**Birgunj, Parsa**
**Madhesh Province, Nepal**

### NOTICE OF INVITATION FOR ELECTRONIC BID

First Date of Publication: 6th January 2025

1. Toursim Development Office, Birgunj, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount (without VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | TDOPARSA/ W/01/081/082 | Kabristan ko sima Parkhal Nirman, Parsawa ma Kabristan Istarunatee and Teda Road ma Sarbakalyanki Ramjanki Mandir ma Park Nirman Birgunj M. Na.pa-32 , Parsa | 3,000.00 | 42,42,287.85 | 90 days | 115,000.00 / 120 days | Re Tender (2nd Publication) |
| 2 | TDOPARSA/ W/02/081-082 | Kabristan ko sima Parkhal Nirman ,Idgah Nirman and Masjid Istarunatee, Birgunj M. Na.pa-30, Parsa | 3,000.00 | 42,33,889.61 | 90 days | 115,000.00 / 120 days | |
| 3 | TDOPARSA/ W/16/081/082 | Shanka Tashi Dechhenling Bishwashanti Guma Nirman , Mushaharnimai Mandir Nirman, Jitpur Simra U.m.na.pa -1 ,2 , Bara | 3,000.00 | 42,38,471.93 | 90 days | 115,000.00 / 120 days | |
| 4 | TDOPARSA/ W/17/081/082 | Thanimai Pikanik Park Ra Chhathi Mai ghat Nirman, Jitpur Simra U.m.na.pa -1, 11 , Bara | 3,000.00 | 42,41,703.09 | 90 days | 115,000.00 / 120 days | |
| 5 | TDOPARSA/ W/18/081/082 | Idargah istraunatti, Radhemai mandir istraunatti ,Jila samanway karyalaya mandir, Birgunj ma. na.pa. 13 | 3,000.00 | 42,41,832.12 | 90 days | 115,000.00 / 120 days | |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | • 2025/01/21 till 12:00 Noon for S.No. 1<br>• 2025/02/06 till 12:00 Noon for S.No. 2-5 |
| **Date, Time and Place of Bid Opening:** | • 2025/01/21 1:00 PM at Tourism Development Office, Birgunj for S.No.1<br>• 2025/02/06 1:00 PM at Tourism Development Office, Birgunj for S.No.2-5 |
| **Account Number for Bid Document Purchase:** | Name of Bank: Rastriya Banijya Bank, Birgunj<br>Account Name: Tourism Development Office, Birgunj<br>Account no.: 1000100200010000<br>Office Code: 3070022012<br>Revenue Code: 14229 |
| **Account Number for Bid Security Deposit:** | Account Name: Pradesh Lekha Ekai Karyalaya, Birgunj<br>Bank Name: Rastriya Banijya Bank, Birgunj<br>Account Number: 1250100202030000 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Tourism Development Office, Birgunj, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रगतको रेमिटयान्समा रमाउने रहर

**युद्धग्रस्त क्षेत्र रुसमा जोखिम मोलेर नेपालीहरू रुसी सेनामा भर्ती भइरहेका छन् । युक्रेनसँगको द्वन्द्वका कारण प्रायः यहाँबाट अशुभ खबर आइरहेको जगजाहेर छ । देशमा रोजगारी नभएपछि ऋण तिर्नका लागि ज्यान जोखिममा राखेर दोस्रो मुलुक हुँदै नेपाली युवाहरू युद्धग्रस्त मुलुकमा जाने गर्छन् । 'कि गर, कि मर' भन्ने उक्ति यतिबेला नेपाली युवाहरूका लागि बनेको जस्तै भएको छ ।**

**यस्तो बेला नेपाल सरकार र गैरआवासीय नेपाली संघ (एनआरएनए)ले जोखिमको भुंग्रोमा युवालाई नपठाउन विशेष प्याकेज ल्याउनुपर्ने थियो । तर, एनआरएनएले नै यहाँ युवाहरूलाई पठाउन अस्वाभाविक चासो दिन थालेको देखिन्छ । एनआरएनएका अध्यक्ष बद्री केसीले नै भेटेर ज्ञापनपत्र बुझाउँदै श्रम स्वीकृति खुलाउन गरिएको 'लबिइङ' राम्रो मान्न सकिन्न ।**

**अझ श्रममन्त्री शरतसिंह भण्डारीले गैरजिम्मेवार पूर्ण अभिव्यक्ति दिएर जग हँसाउने काम गरेका छन् । ४० भन्दा बढी नेपाली युवाले युद्धमा आफ्नो ज्यान गुमाइसकेको रुसमा श्रम स्वीकृति खुलाउन खासै धेरै समस्या नभएको मन्त्री भण्डारीले बताएका छन् । उनले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी छिट्टै श्रम स्वीकृति खुला गर्नेसमेत बताएका छन् ।**

**युद्धग्रस्त क्षेत्रमा श्रम स्वीकृति रोक्नुपर्ने भन्दै गत वर्षको पुस १९ गते सरकारले रुसमा श्रमिक पठाउन रोक्का गरेको थियो । सुरक्षा चुनौती रहेको क्षेत्रमा यसअघि भिजिट भिसामा र अवैध मार्ग हुँदै गएको भेटिएको थियो । रुसमा जाने युवाको लर्को बढेपछि म्यानपावर व्यवसायीको लबिइङमा एकपटक श्रम स्वीकृति खुलेको थियो । पछि असुरक्षित गन्तव्य भन्दै यहाँको श्रम स्वीकृति रोक्का गरिएको थियो ।**

**श्रम स्वीकृति रोक्का गरेको वर्ष दिन बित्नासाथ पुनः श्रम स्वीकृति खुला गराउन बिचौलियासमेत लागेको देखिन्छ । पैसा कमाइन्छ भनेर द्वन्द्वग्रस्त क्षेत्रमा पुग्नु नेपालीका लागि बाध्यता बनेको छ । यसैले पनि अवैध मार्गबाट जानेको संख्या पनि छ । तर यसो हुँदाहुँदै सरकारले जानीजानी यस्तो जोखिममा धकेल्नु कदापि सही निर्णय हुन्न । कुनै बिचौलियाको लहैलहैमा लागेर रगतको रेमिटयान्समा सरकारले र्‍याल चुहाउन हुन्न ।**

**यस्ता विषयमा सरकार चनाखो होस् । बरु जो रसिया जान चाहन्छन् ती युवालाई रोजगारीको व्यवस्थाका लागि कार्यक्रमहरू तय गरियोस् । युवा बेचेर सत्ताको सौदाबाजी नगरियोस् । यो वर्तमान, भविष्यदेखि कुनै पिढीलाई फलदायी हुन्न ।**

## मननयोग्य

### चाणक्य नीति

भगवान् बुद्धले भन्नुभयो- 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ ।' भगवान् बुद्धद्वारा भनिएको भयको वातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । अजातशत्रुका छोरा उदयनले गंगा र क्षोण नदीको किनारामा पाटलीपुत्र (पटना) नामक सहरको स्थापना गरे । वास्तुकलाका पारंगत पं. महागोविन्दद्वारा पाटलीपुत्रलाई मगधको नयाँ राजधानी बनाइयो । यसै पाटलीपुत्रको बनाइएको मगधको साविकको राजधानी राजगिरीलाई छाडेर नवनिर्मित राजसिंहासनमा बस्ने नन्दवंशका प्रथम शासक महापद्म नन्दले एउटा विशाल साम्राज्यको स्थापना गरे । यही मगध साम्राज्य नन्देवंशका अन्तिम राजा धनानन्दको हातमा पर्यो । यसै प्रसंगलाई इतिहासले चाणक्य प्रादुर्भाव हुनुभन्दा लगत्तै पहिलेको अवस्थालाई इंगित गरेको पनि छ ।

इतिहासका धेरै पन्नाहरू पल्टाएपछि केही हजार वर्ष पहिलेको यो आर्यावर्त भौगोलिक रूपले हिमालयदेखि द्रविडसम्म र गान्धारदेखि ब्राह्मदेशसम्मको विशाल क्षेत्र भए पनि स-साना राज्यमा टुक्रिएको अवस्थामा रहेको थियो ।

यही आर्यावर्तमा एउटा शक्तिशाली एवम् वैभव-सम्पन्न राज्य छ, मगध । मगधको एक सीमावर्ती सहरमा रहेको एक साधारण घर जसलाई घर नभनेर आश्रम अथवा झुप्रो (झोपडी) भन्नु नै धेरै वेश होला । पक्की पर्खालमा खरका दुई कोठा, माटाले लिपीपोती सफा गरिएको आँगन, बीचमा एउटा जमुनाको रूख, रूखमुनि किलामा बाँधिएकी एउटी गाई आफ्नो बाच्छोसँग उभिएर घाँस खाइरहेकी । यसमा बस्छन् एक विद्वान्, तर दरिद्र ब्राह्मण आचार्य चणक ठूलो निधार त्यसमा लगाइएको चन्दनको त्रिपुण्डक, आँखा ठूलाठूला काँधदेखि नाभीसम्म झरेको जनै र शरीरमा एउटा मेखलाजस्तो वस्त्र जो धोतीका रूपमा लगाएका छन् । क्रमशः

# नेपालमा एमपक्सको सतर्कता तथा निगरानी



■ डा. प्रकाश बुढाथोकी

विश्वभर मानव आवतजावत कायम रहेकाले रोकथाम सजिलै होलाजस्तो पनि देखिँदैन । त्यसैमा नेपाल ट्राञ्जिट प्वाइन्ट र आवतजावतले निरन्तरता पाइरहेकाले उच्च जोखिममा रहेको हो । संक्रमण फैलिएका देशबाट आउने तथा पर्यटकको आगमनमा पनि बढोत्तरी नै छ । विदेशबाट आएकालाई कम्तीमा दुईदेखि तीन हप्ता क्वारेन्टिनमा बस्ने भने पनि कार्यान्वयनमा छैन । सम्भावित जोखिम भएका देशबाट आउनेमाथि निगरानी राख्ने र क्वारेन्टिनमा राख्नुपर्छ । संक्रमितलाई तीन हप्ता आइसोलेसनमा राखी कन्ट्याक्ट ट्रेसिङ अनिवार्य गर्नुपर्छ ।

नेपालमा पुनः १८ महिनापछि मंकीपक्स देखापरेको छ । तनहुँ स्थायी घर भई पुस ४ गते काठमाडौं आएका सउदी अरेबियामा कार्यरत ३६ वर्षीय पुरुषमा पुस ५ गते संक्रमण पुष्टि भएको हो । उनको टेकु अस्पतालमा आइसोलेसनमा राखी उपचारपश्चात् डिस्चार्ज भइसकेको छ । पहिलो संक्रमित पुस ३ गते विमानस्थलबाट टयाक्सी चढेर निजी अस्पतालहुँदै सरकारी सरुवा रोग अस्पताल टेकु पुगे भने अर्का ४४ वर्षीय पुरुष पुस १३ गते एक दिन स्वयम्भूमा आफन्तकहाँ बसी आइतबार टेकु अस्पताल पुगे । उनको उपचार भइरहेको छ । नेपालमा पहिलोपटक एक अस्पतालमा उपचाररत ६० वर्षीया विदेशी महिलाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको नमूनामा मंकीपक्स देखिएको स्वास्थ्य मन्त्रालयले २०८० असार १ गते पुष्टि गरेको थियो ।

सन् २०२४ सम्मको अफ्रिकाको प्रतिवेदनमा २० देशबाट करिब ६३ हजारभन्दा बढी नमूनामा १३ हजार ५७९ पुष्टि, मृत्यु १२ सयभन्दा बढी छ । संक्रमण तीव्ररूपमा फैलिएपछि अफ्रिकी सिडिसीले गत अगस्ट १२ मा जनस्वास्थ्य संकटकाल तथा विश्व स्वास्थ्य संगठनले अगस्ट १४ मा विश्व स्वास्थ्य आपत्काल (पिएचआइसी) घोषणा गरेको थियो । एमपक्स हाम्रा लागि नयाँ मानिए पनि विश्वमा पहिलेदेखि नै छ । अफ्रिकी महादेशमा दशकौं अगाडिदेखि नै देखिरहेको छ । तथापि विशेष चर्चा सन् २०२२ मा युरोपमा फैलन थालेपछि भएको हो । सन् २०२२ मा विश्व स्वास्थ्य संगठनले विश्वभर ७५ देशमा १६ हजार जनामा भाइरस पुष्टि भएपछि मंकीपक्सलाई विश्वव्यापी जनस्वास्थ्य आपत्काल घोषणा गरेको थियो । हाल मंकीपक्सलाई एमपक्सको नामले सम्बोधन गरिन्छ ।

सन् १९५८ मा पहिलोपटक पश्चिम अफ्रिकाको डेनमार्कमा एक दुर्गम भेगमा एक बन्दी बाँदरमा फेला परेको थियो । त्यसपछि अफ्रिकामा विभिन्न प्रकारका लोखर्के, मुसा, न्याउरी मुसा र विभिन्न प्रजातिका बाँदरमा संक्रमण पाइएको थियो । मानिसमा भने पहिलोपटक सन् १९७० मा अफ्रिकी मुलुक कंगोमा नौ महिने बालकमा पुष्टि भएको थियो । त्यतिबेला यो रोग १० अफ्रिकी मुलुकमा फैलिएको थियो । सन् २००३ मा आयातीत कुकुरहुँदै अमेरिकामा फैलिएको थियो । एसियामा सर्वप्रथम सन् २०१९ मा सिंगापुरमा नाइजेरियाबाट आएका व्यक्तिलाई मंकीपक्स देखिएको थियो । बाँदरबाट मानिसमा मात्र नभई मानिसबाट मानिसमा सर्न थालेको, धेरैलाई निदान गर्न कठिन भएको, खोप नभएको, संक्रमण तीव्र फैलिँदै गएको तथा अहिलेसम्म संक्रमण नदेखिएका देशमासमेत २१ दिनभित्र देखिनसक्ने भएकाले स्वास्थ्य आपत्काल घोषणा गरिएको संगठनले बताएको छ । सन् २०२२ जुलाईमा युरोप, अमेरिकालगायत देशमा तीव्ररूपमा फैलिई ११० देशमा ८७ हजारभन्दा बढी संक्रमित र १४० जनाको ज्यान गएको थियो । हालसम्म भारत, नेपाललगायत ११६ देशमा यो रोग देखापरिसकेको छ ।

### के कारणले हुन्छ ?

मंकीपक्स भाइरसका क्लेड एक-दुई गरी दुई प्रजाति छन्, यसमा क्लेड-१ बढी संक्रामक र घातक छ । सन् २०२२ मा क्लेड-२ भेरियन्टको संक्रमण ७० भन्दा बढी देशमा फैलिँदा एमपक्सलाई जनस्वास्थ्य संकटका रूपमा घोषणा गरेको थियो । अफ्रिकामा देखिएको भेरियन्ट क्लेड-१ हो, जुन समुदायस्तरमै छ तर हाल फैलिएको नयाँ प्रजाति क्लेड-१ बी संक्रमितहरूमध्ये १० प्रतिशतभन्दा बढीको मृत्यु हुने गरेको तथ्यांक छ । विश्व स्वास्थ्य संगठनले एउटा बिरामीलाई समेत गम्भीर मानेको छ । मध्य एवं पश्चिमी अफ्रिकी देशको जंगली स्थानमा पाइने बाँदरबाट मानिसमा सरेकाले मंकीपक्स नामकरण गरिएको हो ।

### लक्षण कस्तो हुन्छ ?

सामान्यतः संक्रमण भएको २१ दिनपछि ज्वरो आउने, ज्वरो सुरु भएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांशपेसी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्छन् । संक्रमणबाट भएको घाउ १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यतः आफैं हराउँछ । बिबिराको प्रकृति चिकनपक्स अर्थात् ठेउला र भिरगीसँग मिल्दोजुल्दो छ ।

संक्रमण भएको एकदेखि २१ दिनसम्ममा एमपक्सको लक्षणहरू देखिने गर्छ र दुईदेखि चार हप्तासम्ममा अधिकांश संक्रमितले स्वास्थ्य लाभ गरिसक्छन् । 'न्यु इंलैण्ड जर्नल अफ मेडिसिन'मा प्रकाशित अनुसन्धानमा संक्रमितहरूमध्ये सबैभन्दा बढीमा शरीरको विशेषतः गुप्तांग, मलद्वारमा घाउ, पानीका फोकाहरू देखिएको छ । लक्षण १४ देखि २८ दिनसम्म रहनसक्छ र पछि सामान्यतः आफैं हराउँछ । एक व्यक्तिबाट अर्को व्यक्तिमा लक्षण देखिने अवधि दुईदेखि तीन सातासम्म रहन्छ । संक्रमितमध्ये १० प्रतिशतमा स्वास्थ्य जटिलता भएर मृत्यु हुनसक्छ । गर्भवती, बालबालिका र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरूमा जटिलता हुनसक्छ । सम्भावित जटिलताहरूमा आँखामा संक्रमण र दृष्टि गुम्नु, अन्य जीवाणुको संक्रमण, निमोनिया, मस्तिष्क ज्वर, गर्भ खेर जाने र मृत्यु पर्दछन् ।

संक्रमण घातक देखिने वर्गमा बच्चा, दीर्घकालीन रोगी, शरीर कमजोर भएका व्यक्ति पर्दछन् । पछिल्लो समय शारीरिक क्रियाकलापमा लागेका मानिसमा रोग देखिने गरेको छ र यौनरोगसँग सम्बन्धित भनेर पनि लिन सकिन्छ । पछिल्लो समयमा पुरुष समलिंगी समूहमा एउटा मात्रै घाउ दिसा गर्ने भागमा वा लिंगमा बिबिरा वा पानीको फोकाजस्तो बिबिरा गुप्तांगमा देखिएको छ । यसले संक्रमण भएको स्थानबाट आएको व्यक्तिसँग सम्पर्कमा आउँदा वा नजिकको सम्बन्ध बनाएकोमा एउटा मात्र घाउ, बिबिरा आउँदा पनि एमपक्स हुनसक्छ ।

### सर्ने माध्यम के-के हुनसक्छ ?

सम्पर्कमा आएका ५० जनामध्ये एक जनामा सर्ने यो रोग अन्य संक्रामक रोग तथा बिबिरा ठेउला र भिरिंगीको बिबिरासँग मिल्दोजुल्दो भएकाले स्वास्थ्यकर्मी झुक्किने सम्भावना बढी छ । रोग संक्रमित व्यक्ति वा पशुसँग नजिकको सम्पर्कमा आउँदा तिनीहरूको थुक, र्‍याल, घाउ, खटिरा, शरीरबाट निस्कने तरल पदार्थ, दूषित सतह र मांशपेसीबाट सर्ने गर्दछ । भाइरस स्वासनली, आँखा, नाक वा मुख काटिएको, टोकिएको वा फुटेका छालामार्फत पनि सर्नसक्छ । यस्तै बाँदर, मुसा लोखर्केलगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि सर्न र फैलिन सक्छ । संक्रमितसँगको यौन सम्पर्कबाट पनि सर्नसक्छ । तथापि वीर्यबाट सर्ने प्रमाणित भइसकेको छैन । गर्भवतीमा गर्भबाट बच्चामा सर्नसक्छ । फोका, लुगाफाटोलगायतमा संक्रमण हुँदा सर्ने जोखिम बढी रहन्छ । बिफरकै समूहमा पर्ने मंकीपक्स संक्रमित व्यक्तिको घाउ, हाच्छिउँका छिटा र थुक पनि सार्ने माध्यम भएकाले सजिलै एकबाट अर्कोमा सर्नसक्छ । तरल पदार्थ स्वासनली, आँखा, मुख वा नाकबाट छिर्नसक्छ । पानीका फोका देखिएर अस्पताल पुग्ने चलन नभएकाले सर्ने माध्यमका बारेमा जानकारी दिई फैलन नदिने नै राम्रो हो । कोभिडजस्तो छिट्टै सर्ने र घातक नभएकाले आत्तिहाल्नु पर्दैन ।

धेरैजसो लक्षणबाट त्यो बाहेक छालाको जाँच र फोकाको पिसिआरबाट पत्ता लगाइन्छ । फोकाबाट लिइएको नमूनाको मंकिपक्स भाइरल पोलिमरेज चेन रिएक्सन-पिसिआरबाट रोगको निदान गरिन्छ । नमूना छाला, तरल पदार्थ क्रस्ट वा बायोप्सीबाट निकालिन्छ । एन्टिजेन र एन्टिबडी परीक्षणले अर्थोपक्स भाइरसबीचको फरक पत्ता लगाउन नसक्ने भएकाले उपयोगी हुँदैन ।

### उपचार तथा रोकथाम के हो त ?

धेरैजसो मानिसमा यसले कुनै जटिलता नल्याउने र दुईदेखि चार हप्तामा आफैं निको हुन्छ । तथापि, बच्चा, वृद्धवृद्धा र दीर्घरोगीलाई भने च्याप्ने र छाला, आँखा तथा अंगको संक्रमण, निमोनिया, इन्सेफलाइटिसजस्ता जटिलता ल्याउने गर्छ । रोगको मृत्युदर शून्यदेखि ११ प्रतिशत छ । सिकिस्त बिरामीका लागि एन्टिभाइरल औषधि टेकोभिरिम्याट पनि उपलब्ध छ ।

कोरोना संक्रमणमा अपनाइएका मास्कको प्रयोग, हावा ओहरदोहर गर्ने स्थान, साबुनपानीले हातको सरसफाइजस्ता स्वास्थ्य मापदण्ड पालनालाई निरन्तरता दिनुपर्छ । संक्रमितले प्रयोग गरेका लुगाफाटा, बिछ्यौनालाई निसंक्रमित गरेर मात्र अन्यले प्रयोग गर्नुपर्छ । सन् १९८० मा उन्मूलन भएको बिफरका लागि प्रयोग हुने खोप मंकीपक्समा ८५ प्रतिशत प्रभावकारी रहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । संक्रमण भएको चार दिनभित्र खोप लिन सकिन्छ र चारदेखि १४ दिनभित्रमा खोप दिनसके संक्रमणको जटिलतालाई धेरै हदसम्म कम गर्न सकिन्छ । बिफरको एन्टिभाइरल औषधि प्रयोग गर्न सकिने भए पनि सजिलै उपलब्ध छैन र खोप नै सफल मानिन्छ ।

बिफर उन्मूलन भइसकेकाले त्यसको खोप विश्वमा पाउन गाह्रो छ । बजारमा पर्याप्त मात्रामा नभए पनि अन्कारा नामक खोपको दुई मात्रा लगाउन सकिन्छ । यो खोप सन् २०१९ देखि अमेरिका, क्यानाडा युरोपमा मान्यता प्राप्त छ । उच्च जोखिममा भएका स्वास्थ्यकर्मी, ल्याबमा काम गर्नेले खोप लगाउँदा हुन्छ । विगतदेखि नै समलिंगी बढी संक्रमित छन् । बिफरको खोपले मुटुको मांशपेसी सुजन, रोग प्रतिरोधात्मक क्षमता दबाउने, एचआइभीजस्ता रोग लागेकालाई पनि जोखिम छ भने एक्जेमाका बिरामीलाई प्राणघातक छ । नयाँ पुस्ताका खोप जिन्नेइओसजस्ता खोप ठूला समूहलाई दिन सुरक्षित छन् । तथापि, अहिलेका लागि संक्रमण रोक्न रिङ भ्याक्सिनेसन नै पर्याप्त छ । हाल प्रयोगमा आइरहेको एमपक्स भाइरसको सक्रिय भाइरस प्रयोग भएकाले एसिएएम २००० नामक खोप इम्युनोकम्प्रोमाइज्ड व्यक्तिमा प्रयोगमा नल्याउन सिडिसीले अनुरोध गरेको थियो । निस्क्रिय भाइरस प्रयोग गरिएको कम असर हुने जेन्नोइज नामक खोप पनि उपलब्ध छ ।

रोकथामका लागि स्मलपक्स संक्रमणविरुद्ध प्रयोगमा ल्याइएको एसिएम २०० र जेनिओज नामक खोप हाल प्रयोगमा ल्याइएको छ । सामान्यतया बिफर उन्मूलन भइसकेपछि उपचारका लागि तयार पारिएका खोप र औषधिलाई जैविक हतियारको रूपमा प्रयोग गर्न सुरक्षित राखिएको थियो । सिडिसीले बिफरको उपचारमा प्रयोग गरिने दुई एन्टिभाइरल औषधि टिपिओएक्स र सिडोफोभिर मंकीपक्सविरुद्ध प्रयोग गर्न अनुमतिसमेत दिएको छ । कुनै खोप नभए पनि बिफरको खोप ८५ प्रतिशत प्रभावकारी हुने विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

असुरक्षित यौनसम्पर्कबाट पनि सरेकाले कण्डम प्रयोग गर्न र यौन साथीहरू परिवर्तन गरेकामा लक्षणहरूमा ध्यान दिनपर्छ । भाइरस बोक्नसक्ने जनावरहरू, बिरामी वा मरेका जनावर, बाँदर,



मुसाजस्ता संक्रमणको इतिहास भएकाहरूको सम्पर्कमा आउनु हुँदैन । संदिग्ध जनावर वा मानिससँग सम्पर्कमा आएपछि स्यानिटाइजर वा साबुनपानीले हात धुने गर्नुपर्छ । संक्रमित वा संदिग्धको हेरचाह गर्दा पिपिई लगाउने, राम्रोसँग पकाएको मासुमात्र खाने र मंकीपक्स सतह र सामग्रीमार्फत पनि सर्नसक्ने भएकाले बिरामी व्यक्ति वा जनावरको सम्पर्कमा रहेका सामग्रीहरू छुनु हुँदैन ।

विश्वभर मानव आवतजावत कायम रहेकाले रोकथाम सजिलै होलाजस्तो पनि देखिँदैन । त्यसैमा नेपाल ट्राञ्जिट प्वाइन्ट र आवतजावतले निरन्तरता पाइरहेकाले उच्च जोखिममा रहेको हो । संक्रमण फैलिएका देशबाट आउने तथा पर्यटकको आगमनमा पनि बढोत्तरी नै छ । विदेशबाट आएकालाई कम्तीमा दुईदेखि तीन हप्ता क्वारेन्टिनमा बस्ने भने पनि कार्यान्वयनमा छैन । सम्भावित जोखिम भएका देशबाट आउनेमाथि निगरानी राख्ने र क्वारेन्टिनमा राख्नुपर्छ । संक्रमितलाई तीन हप्ता आइसोलेसनमा राखी कन्टचाक्ट ट्रेसिङ अनिवार्य गर्नुपर्छ । संक्रमितलाई २१ दिन आइसोलेसनमा राख्नुपर्छ । मंकीपक्सको संक्रमण पुष्टि भई बिरामी भएका वा मरेका जनावरको सम्पर्कमा नजाने, संक्रमितको सम्पर्कमा आएकाले परीक्षण गर्ने, सम्पर्कमा आएको सतह, स्थान वा कोठा निसंक्रमण गर्ने, मासुजन्य खानेकुरा राम्ररी पकाएर मात्र खाने तथा फोहोरलाई उचित स्थानमा व्यवस्थापन गर्नुपर्छ ।

अन्त्यमा, सरकारले निगरानी, फोकल अस्पताल र व्यक्ति, परीक्षण, परामर्श र उपचारको व्यवस्था गरेको छ । तथापि, आमनागरिक जिम्मेवार नहुँदा सरकारको तयारीमात्र पर्याप्त हुँदैन । तसर्थ, ज्वरो आएको तीन दिनभित्र अनुहार, हत्केला र पैतालामा डाबर देखिए स्वास्थ्य मन्त्रालयको हटलाइन १११५ मा जानकारी गराउनुपर्छ । एमपक्सको शंका वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, संक्रमित व्यक्तिलाई घर वा अस्पतालमा आइसोलेसनमा राख्ने, संक्रमित व्यक्तिको हेरचाह गर्नेले पूर्णरूपमा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्ने, घाउसँग प्रत्यक्ष सम्पर्क हुनसक्ने जोखिममा पञ्जा लगाउने, नियमितरूपमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, संक्रमितका लुगा, तौलिया, ओछ्यान, भाँडाहरू तातोपानी, साबुन, डिटरजेन्टले धुने गर्नुपर्छ । *रासस*

*(लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन्)*

# मान्छे बेगरका घरहरू

■ मधु शाही



**लमजुङ–** छेवैको घर जीर्ण छ । आँगन घाँसेमैदानजस्तै बनेको छ । भत्किन लागेको ढोकामा ताल्चा झुण्डिएको छ । 'मान्छे बेगरको घर यस्तै त हुन्छ नि ! बेवारिसे झैं,' छिमेकीविहीन घर देखेर लमजुङको राइनास नगरपालिका-१० बोराङकी ८७ वर्षीया रमादेवी न्यौपानेलाई उदेक लाग्छ ।

उनको घर दायाँबायाँ, जहाँ त्यहीँ फर्किंदा उस्तै जीर्ण र छिमेकी बेगरका घर छन् । रमादेवी अहिले लगभग छिमेकीविहीन जस्तै छिन् । उनको घर वरिपरिका झण्डै १५ घरमा ताल्चा झुण्डिएको छ । घरधनी सहरतिर छन् । गाउँमा मान्छे पलायन हुँदै गएको देख्दा अचेल बोराङ टोलभरिकै उमेरले पाकी रमादेवीको मन अत्तालिन्छ ।

उनलाई गाउँ रित्तिँदै गएकामा चिन्ता लाग्छ । किनभने त्यो गाउँसँग उनको बाल्यकालदेखि बुढचौलीसम्मकै प्रगाढ सम्झना छ । 'बालखैमा बिहे गरेर आएको गाउँ हो । यहाँ पहिला कति रमाइलो हुन्थ्यो । अहिले कस्तो भयो,' उनी भन्छिन्, 'हराउँदै गयो गाउँको रौनक ।' बिहे भएर आएदेखिको उनको मानसपटलमा पुरानो गाउँ अझै फनफनी घुम्छ, अतित बनेर । 'कच्ची बाटो पारि र वारि दुवैतिर घनाबस्ती थियो,' उनी गाउँको विगत स्मरण गर्दै भन्छिन्, 'अहिले घरहरू छन्, बस्ने कोही छैनन् । सबै सहरतिर लागे । सुख र सुविधाले त्यतै तान्यो ।'

छोराबुहारीको साथमा घरमै बस्न पाए पनि रमादेवीलाई सुनसान गाउँको अवस्थाले मन पोल्छ । अझ बढी त करेसाबारीमा फलफूल फल्दा टिपेर खाइदिने चकचके केटाकेटी नहुँदा उनलाई खल्लो लाग्छ । कुनै समय थियो । 'गाउँभरका चकचके केटाकेटीले बोटमा बतिला नलाग्दै फूलफूल टिपेर बिठ्याइँ गरिदिन्थे,' उनको स्मृति बग्दै गयो, 'उतिबेला लट्ठी लिएरै भुराभुरी लखेट्दै दौडिनुपर्थ्यो । अहिले चरा र बाँदरले खाएर रित्याउँछन् । मान्छे भेटिँदैनन् ।'

लमजुङको राइनास नगरपालिका-१० बोराङलाई न्यौपाने टोल पनि भनेर चिनिन्छ । किनभने त्यहाँ तीन घर अधिकारीबाहेक प्रायः सबै न्यौपाने थरका छन् । अधिकांश शिक्षक पेसामा आबद्ध टोल भएकाले यस गाउँको अर्को नाम मास्टरटोल पनि हो । 'यहाँका अधिकांश बुबाहरू शिक्षण पेसामै आबद्ध हुनुभयो भने छोराछोरी केहिले यही शिक्षण पेसा अपनाएका छन्,' रमादेवीका छोरा राममणि न्यौपानेले बताए ।

उनी गाउँकै महेन्द्र प्राथमिक विद्यालयको प्रधानाध्यापक छन् । उनका अनुसार टोलमा ५५ घरधुरी छन् । यसमध्ये मुस्किलले २६/२७ घरमा मात्रै घरमुली बसोबास गर्छन् । अरु अधिकांश सहरतिरै त कोही विदेश पलायन छन् । शिक्षकहरू जन्माएको थलोप्रति राममणिलाई जति गर्व अनुभूति छ, त्यससँगै हाल आफ्नै विद्यालयमा विद्यार्थीको संख्या दिनानुदिन घट्दै गएकामा पीडा उत्तिकै छ । पाँच जनाको शिक्षक दरबन्दी घटेर अहिले दुई जनामा सीमित हुनुपरेको छ ।

कक्षा शिशुदेखि कक्षा ५ सम्म जम्मा १७ जना विद्यार्थी पढ्न आउँछन् । त्यसमा पनि बोराङटोलको एक जनामात्रै विद्यार्थी पढ्छन् । 'गाउँमा अभिभावक नै नभए पनि पढ्न आउने केटाकेटी कहाँ पाउनु ?,' उनी भन्छन् । अझ भनौं कहिलेकाहीँ विद्यार्थी विद्यालय नआइदिएर कक्षा रित्तै हुने गर्छ । राममणिका अनुसार गाउँमा स्वास्थ्य सेवा, खानेपानी, यातायातलगायतका भौतिक पूर्वाधार सुविधाको अभावले गर्दा घरहरू रित्तिँदै गएको हो । यसले टोलको विकाससहित विद्यालयको पठनपाठनमासमेत असर गरेको छ ।

राइनास नगरपालिका-१० मा प्यारजुङ, लामा गाउँ, सिमघारी, पाल्लेपानी, कत्रेनी, बोराङलगायत टोल छन् । टोलैपिच्छे मौरीपालन, तरकारीखेती जस्ता उत्पादन र उद्यमशील काम भएका छन् । यद्यपि पालिकाले योजनाबद्ध ढंगमा आधुनिक खेती बसाउने र रोजगारोन्मुख कार्ययोजनामा खासै चासो नल्याएको हुँदा स्थानीय सहरमुखी हुन थालेको बताउँछन् । बस्तीमा मान्छे बस्न छाडेपछि प्रेम न्यौपानेको मनोबल कमजोर हुँदै गएको अनुभव सुनाउँछन् । 'छरछिमेकी हुँदा गाह्रोसारो परेको बेला सहयोगी हात हुन्थे,' उनी भन्छन्,'अहिले बिरामी भइयो भने छिमेकी गुहार्न पनि ठाउँ छैन ।'

गाउँका युवा पुस्ताहरू रोजगारी र शिक्षा आर्जन गर्नका लागि सहर पसेका छन् । चाडपर्वमा घर सम्झेर एकाध परिवार आउँछन नभए वर्षौंदेखि घरले स्याहार नपाएको स्थानीयले बताए । प्रेमका छिमेकी हुन्, विजयराज, दामोदर, अर्जुन । उनीहरू तीनैजनाको घरमा ताल्चा छ । रोजगार र छोराछोरी पढाउन काठमाडौं पसेका छिमेकी उतै बसेको प्रेम बताउँछन् । 'मेरो वरिपरि त सबै घरमा ताला लागेको छ । छिमेकी नहुँदा निकै नियास्रो महसुस हुन्छ,' उनी भन्छन्, 'गाउँका टाढाबाढा मान्छेहरू नै सहर पसेपछि गाउँको विकास हुने कुरै भएन ।'

गाउँको छेउँमै चौतारा छ । चौतारा अचेल पहिलेजस्तो भरिभराउ हुँदैन । ७२ वर्षे स्थानीय विष्णुहरि न्यौपानेले अब बूढाबूढीपछि पुर्ख्यौली घर कसले धान्ला भन्ने चिन्ताले सताउन थालेको बताउँछन् । उनको ठूलो छोरो चितवन रोजगारका सिलसिलामा उतै छन् । माइलो र कान्छो काठमाडौंमा छन् । सुविधा न भएको गाउँमा नबस्नु सहरतिरै आउनु भनेर छोराहरू जोड गरे पनि जन्मेको थलो छोड्न मन नलाग्ने गरेको उनले सुनाए । 'हामी चिसो छल्न गाउँ आएका । होइन भने प्रायः काठमाडौंतिर बस्छौं,' उनले भने, 'किन बस्ने गाउँमा भो अब दुःख गर्नु पर्दैन भन्छन् छोराहरू ।' बिरामी परेको बेला सिटामोलसमेत पाउन मुस्किल हुने गाउँको दुःख सम्झिँदा विष्णुहरिले गाउँको माया गर्ने आदर्श भाव ओझेल पर्दै गएको बताए । उनले भनेजस्तै गाउँमा बस्न सजिलो भने पक्कै छैन ।

जति हेर्दा क्षणभर रमाइलो लाग्छ, त्यहाँ सुविधायुक्त जीवन बिताउन चुनौतीपूर्ण छ । ६८ वर्षे डिल्लीराम न्यौपानेले गाउँका अनेक दुःखलाई बेलीविस्तार लगाए । उनको पुर्ख्यौली जिउने आधार खेती किसानी हो । सकी नसकी लगाएको बाली बाँदर, मृग, दुम्सीजस्ता जनावरले एकैछिन सखाप पारिदिन्छन् । 'अन्न लगायो बाँदरलाई, बाख्रा पाल्यो बाघलाई,' उनी किसानले भोग्नुपरेको पीडा सुनाउँछन्, 'के खाएर बस्ने हो यो गाउँमा ? अनि सहर नपसे के गर्ने ?'

लालीगुँरास आमा समूहकी अध्यक्ष राजुकुमारी न्यौपानेका अनुसार गाउँमा स्थानीय टिकाउनका लागि स्थानीय सरकारले खासै कुनै पनि योजना नल्याएको गुनासो गर्छिन् । रोजगारको अभाव, उद्यमशीलताका आधारहरू नहुँदा युवा पलयान भएका छन् । यतिमात्रै होइन, बुढापाका पनि छोराछोरीसँगै सहर पस्न थाले । यसले गर्दा गाउँ सुनसान हुँदै गएको उनले सुनाए ।

उनका अनुसार मान्छे नै नरहे स्थानीय क्षेत्रको विकासको आधार हराउँछ । गाउँमा मान्छे टिकाउन ग्रामीण योजना ल्याउन अति आवश्यक रहेको उनको बुझाइ छ । सामुदायिक सिकाइ केन्द्रमा आबद्ध रहेकी स्थानीय विमला अधिकारी न्यौपानेले कृषिमा आधुनिकीरण गर्ने र स्वास्थ्य, खानेपानी बाटोघाटोको सुविधा विस्तार गर्न सके न्यौपाने गाउँ स्वर्गजस्तै रहेको बताउँछिन् । धुलोधुवाँदेखि पर रहेको गाउँ प्राकृतिक हिसाबले जति सुन्दर छ, उति नै पर्यटकीय दृष्टिले आकर्षित छ । *रासस*

# लम्किचुहाका अति विपन्न परिवारले पाए आवास



**कैलाली (प्रस)–** जिल्लाको लम्किचुहा नगरपालिकाले आफ्ना अति विपन्न नागरिकहरूका लागि आवास निर्माण गरिदिएको छ । गरिबीका कारण फुसको चुहिने छानोमुनि बस्न बाध्य नागरिकको समस्या समाधान गर्न गैरसरकारी संस्था राष्ट्रिय दलित नेटवर्कसँगको सहकार्यमा ४५ घर निर्माण गरिएको नगरपालिकाले जानकारी दिएको छ ।

नगरप्रमुख जनता आवास कार्यक्रमअन्तर्गत वडा नम्बर ४ को कौवापुर शिविरमा सुकुम्वासीका ३३ घर निर्माण गरिएका छन् । सोही वडाका दलित तथा अतिविपन्न गैरदलितहरूका पाँच घर निर्माण भएका छन् । यस्तै वडा नम्बर ३ स्थित बल्चौर बादी बस्तीमा सात घर निर्माण गरिएका छन् । सोही कार्यक्रमअन्तर्गत हाल ३४ घर निर्माणको प्रक्रिया अघि बढाइएको छ । चालु आर्थिक वर्षका लागि सुदूरपश्चिम प्रदेश सरकारले सोही कार्यका लागि दुई करोड रूपैयाँ विनियोजन गरेकाले असार मसान्तसम्म पालिकाका १० वटै वडा छुने गरी काम सुरु गरिने नगरपालिकाले जनाएको छ ।

'जनता आवास भनेर हामीले पहिला ५० लाख विनियोजन गरेका थियौं । यसको साइज सानो भयो, फेरि यसलाई बढायौं र ४५ घर निर्माण भए । ३४ घर निर्माणका लागि सम्झौता भएको छ । प्रदेशबाट दुई करोड आएकाले हामीलाई काम गर्न थप सहज हुने छ । सुकुम्वासी, मुक्त कमैया, दलित भन्ने होइन सबै विपन्नलाई समेट्नेगरी अब १० वटै वडामा काम गर्छौं,' नगरप्रमुख सुशीला शाहीले भनिन् । विपन्नका लागि घर सँगै पक्की चर्पीसमेत निर्माण गरिएका छन् । कतिपयले खुलारूपमा त कतिपयले फुसको बाड र बोराको पर्दा बनाई चर्पी प्रयोग गर्नुपरेको विगतको बाध्यता पनि हटेको छ ।

# अक्षयकोषको रकमबाट विपन्न विद्यार्थीलाई छात्रवृत्ति

**कञ्चनपुर (प्रस)–** शुक्लाफाँटा नगरपालिका-७ स्टेसनपुरमा रहेको धर्म जनता माध्यमिक विद्यालयमा स्थापना गरिएका अक्षयकोषबाट विद्यालयमा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिएको छ ।

विद्यालयमा स्थानीय समाजसेवीका सहयोगमा सातवटा अक्षयकोष स्थापना गरिएका छन् । अक्षयकोषमा जम्मा गरिएको रकमको ब्याजबाट विद्यालयका जेहेन्दार, आर्थिकरूपमा विपन्न, खेलकुदका क्षेत्रमा अब्बल रहँदै आएका विद्यार्थीलाई छात्रवृत्तिस्वरूप रकम प्रदान गर्ने व्यवस्था गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर ठगुन्नाले बताए ।

'प्रत्येक वर्ष अक्षयकोषबाट व्यवस्थापन समितिको बैठक बसी छात्रवृत्तिका लागि विद्यार्थीको छनोट गरी रकम प्रदान गर्दै आएका छौं,' उनले भने, 'यस कार्यबाट अभिभावकले खर्च जुटाउन नसक्ने अवस्थाका विद्यार्थीलाई निकै सघाउ पुगेको छ, जेहेन्दार विद्यार्थीको मनोवल बढ्दै गएको छ ।' विद्यालयमा स्थापना गरिएका सातवटा अक्षयकोषमा गरी जम्मा सात लाख ३७ हजार रूपैयाँ रकम रहेको छ । अक्षयकोषबाट चालु शैक्षिक सत्रमा १४ जना छात्रछात्रालाई छात्रवृत्तिको रकम प्रदान गरिएको छ । छात्रवृत्ति पाउनेमा छात्र पाँच र छात्रा नौ जना रहेका छन् ।

अधिकतममा दुई हजार २५० रूपैयाँदेखि न्यूनतम एक हजार ४८० रूपैयाँका दरले छात्रवृत्तिको रकम दिइएको छ । विद्यालयमा स्वर्गीय रणबहादुर स्मृति छात्रवृत्ति, स्वर्गीय पदमबहादुर स्मृति छात्रवृत्ति, गणेश विमला असहाय, प्रतिभावान छात्रवृत्ति, धर्म जनता स्वर्ण छात्रवृत्ति, चन्द्रा कार्की खेलकुद छात्रवृत्ति, प्रताप द्रोपती स्मृति छात्रवृत्ति, देवबहादुर सिंह/बिष्नादेवी सिंह गरिब जेहेन्दार छात्रवृत्ति अक्षयकोष स्थापना गरिएका छन् ।

छात्रवृत्ति अक्षयकोषमा एक लाख २५ हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्मको रकम राखिएको छ । कक्षा १ देखि १२ सम्म गरी विद्यालयमा ६४२ विद्यार्थी अध्ययनरत छन् । वि.सं. २०२९ मा विद्यालय स्थापना भएको हो । विद्यालयमा २९ जना शिक्षक कार्यरत रहेका छन् । स्थापनादेखि हालसम्म विद्यालयबाट दुई हजार १५७ जना विद्यार्थीले १० कक्षाको परीक्षा दिएर बाहिरिएका छन् । *रासस*

# सम्पत्ति खोजबिन समितिले शिक्षामन्त्रीलाई बुझायो प्रतिवेदन

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसमक्ष नेपाल संस्कृत विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समिति, २०८१ ले आफ्नो प्रतिवेदन बुझाएको छ । उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल संयोजक रहेको समितिले आइतबार प्रतिवेदन बुझाएको हो ।

प्रतिवेदन बुझ्दै शिक्षामन्त्री भट्टराईले प्रतिवेदन कार्यान्वयनका लागि स्थानीय सरोकारवाला, राजनीतिक नेतृत्व र विश्वविद्यालयको सक्रिय भूमिका आवश्यक पर्ने उल्लेख गरिन् । उक्त प्रतिवेदन विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई हस्तान्तरण गरिने मन्त्री भट्टराईले जानकारी दिइन् ।

प्रतिवेदन मन्त्रिपरिषद्को गत असार २० गते बसेको बैठकको निर्णयानुसार गठित सो समितिले नेपाल संस्कृत विश्वविद्यालयको दाङ जिल्लाका विभिन्न स्थानमा अवस्थित जग्गा तथा भौतिक पूर्वाधारको स्थलगत अवलोकन, विश्वविद्यालय पदाधिकारी तथा कर्मचारीसँगको छलफल तथा अन्तरक्रिया एवं विभिन्न निकायसँगको समन्वयका आधारमा आवश्यक सूचना संकलन गरी तयार पारिएको हो ।


## भावपूर्ण श्रद्धाञ्जली





**जन्म मिति:** १९९०/११/१७

**स्वर्गारोहण:** २०८१/०९/०६

स्व. छोक्पा शेर्पीनी

यस शेर्पा सेवा केन्द्रको आजीवन सदस्य **श्री छोक्पा शेर्पीनी**को ९१ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोले आज २१औं दिनको पून्य तिथिमा उहाँको दिवंगत आत्माको चीरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै यस दु:खद घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति **भावपूर्ण समवेदना** प्रकट गर्दछौं ।

**गेल्जे लामा**
अध्यक्ष
तथा
**शेर्पा सेवा केन्द्रका स-परिवार**
बौद्ध, टुसाल, काठमाडौं



## आजिरकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भच्चेक, गोरखा

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२)

यस अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरूमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४४ वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गााउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. माग गरिएका पदहरू

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५/२०८१-०८२ | अ.हे.व | सहायकस्तर चौथो | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कमतिमा अ.हे.व. वा सोसरहको कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरीक श्रोततफको |

२. दरखास्त दिने स्थान : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।
३. दरखास्त दिने अन्तिम मिति : २०८१/१०/०७ गते कार्यालय समयसम्म ।
४. आवेदन दस्तुर :- चौथो तह :- रू ५००/- (रू. पाँच सय मात्र),
५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
६. आवेदनमा संलग्न कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु
  क. नागरिकता
  ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
  ग. चारित्रिक प्रमाणपत्र
  घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
  ङ. ३ प्रति पासपोर्ट साइजको फोटो
  च. सम्बन्धित पदको लागी सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र
  छ. स्वास्थ्य सेवाको हकमा उमेरको हद १८ वर्ष पूरा भई ४४ वर्ष ननाघेको
७. सेवा सुविधा तथा अन्य : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्झौता बमोजिम
८. आवेदनको ढाँचा तथा अन्य जानकारी : अजिरकोट गाउँपालिकाको वेवसाइट www.ajirkotmun.gov.np र अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
९. परिक्षा मितिः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला


## 'कोसेढुंगा' को निर्माण घोषणा

चलचित्र 'कोसेढुंगा' निर्माणको घोषणा गरिएको छ । हिस्टोरिकल ब्लकबस्टर 'पूर्णबहादुरको सारंगी' फेम्ड निर्देशक सरोज पौडेलले 'कोसेढुंगा' निर्माणको घोषणा गरेका हुन् । पौडेलले आफूले निर्देशन गर्ने चलचित्रको थिम पोस्टर सार्वजनिक गर्दै निर्माणको घोषणा गरेका छन् । थिम पोस्टरमा घुरमैलो बिहानीलाई पृष्ठभूमीमा राखेर पहाडलाई हेरिरहेकी एक महिला उभिएकी छन् । माथि डाँडामा उभिएकी उनको अगाडि अग्लो रूख र पहाडी शैलीको घर छ । निर्माण पक्षले जानकारी दिएअनुसार चलचित्र २०८२ मा रिलिज हुने छ ।




सोमबार, २२ पुस २०८१ (Monday, January 06, 2025)


# तीन पुस्ताको सहकार्यमा तयार भयो 'सपनीमा'



**काठमाडौं (प्रस)**– नेपाली चलचित्र 'मिसिङः केटी हराएको सूचना' का लागि 'सपनीमा' बोलको गीत तयार भएको छ । उक्त गीतमा शब्द र संगीत करुण थापाले दिएका छन् भने गायिका इन्दिरा जोशी र गायक करण परियारको स्वर रहेको छ ।

संगीतकार थापा २० वर्षपछि यही गीतमार्फत पार्श्व संगीतमा फर्किएका हुन् । सन् २००४ मा 'बादल वर्षा बिजुली' बोलको गीतपछि चलचित्रका लागि पहिलोपटक गीतसंगीत तयार गरेको उनले बताए । 'मैले चलचित्रको गीत लेखन र संगीतको काम छाड्नुको कारण उक्त समयमा गीतसंगीतलाई हल्का रूपमा प्रयोग गर्ने प्रचलन मुख्य थियो, त्यसैले मैले व्यर्थका गीतहरू लेख्न र सिर्जना गर्न सकिनँ,' उनले भने ।

उनलाई 'बादल वर्षा बिजुली'झैं गीत तयार गर्न धेरै चलचित्रकर्मीले आग्रह गरेका रहे छन् तर संगीतकार थापा तयार भएनन् । त्यसपछि गीतिसंग्रहमा मात्र काम गरेका संगीतकार थापा पुन: चलचित्रमा काम गर्न तयार हुनुको कारण भने निर्देशक दीपेन्द्र गौचन रहेको बताउँछन् ।

चलचित्रको विषयवस्तु बुझेपछि र गीतको प्रसंग थाहा पाएपछि संगीतकार थापाले शब्द र संगीत सिर्जना गरे । त्यसपछि उनले चलचित्रको विषयअनुसार पुरुष गायनमा परियार र महिला गायनमा जोशीलाई छनोट गरेको जनाइएको छ । 'म नेपाल आइडल नामक सांगीतिक प्रतियोगितामा पुग्दा नै गायक परियारको गायनबाट प्रभावित थिएँ । महिला स्वरका लागि मलाई गायिका जोशी उपयुक्त लाग्यो,' संगीतकार थापाले भने ।

यसरी गीतमा तीन पुस्ताको सहकार्य सम्भव भएको उनले बताए । गायिका जोशीले यो सहकार्यमार्फत आफूले सिक्ने अवसर पाएको बताए । उनले भने, 'मलाई आफूभन्दा अग्रज र आफैं निर्णायक रहेको प्रतियोगितामार्फत उदाएका अनुजसँग काम गर्न पाउँदा निकै खुसी लागेको छ । चलचित्रको विषयअनुसार नै सहरिया युवतीका लागि मैले स्वर दिएकी हुँ ।'

गायक परियारले आफ्नो पार्श्व गायनमा उदाउने सपना पूरा भएको बताए । 'म चलचित्रका गीतमा स्वर दिन चाहन्थे, यो सपना पूरा भएको छ । मैले न्याय गर्न सकेको छु भन्ने लागेको छ । आफ्नै गुरु गायिका जोशी र अग्रज संगीतकार थापासँग काम गर्न पाउनु मेरा लागि अवसर र चुनौती दुवै थियो । मैले संगीतमा देखेको एउटा सपना पूरा भएकामा खुसी छु' उनले भने ।

चलचित्रका निर्देशन गौचनले विषयवस्तुअनुसार गीतको अडियो र श्रव्यदृश्य तयार गरिएको बताए । वृत्तचित्र 'उजेली,' 'हाम्रो मुमिन' लगायत निर्देशन गरेर परिचित भएका निर्देशक गौचनले ठूलो पर्दाका लागि पहिलोपटक चलचित्र 'मिसिङः केटी हराएको सूचना' निर्देशन गरेका हुन् । उनले पहाडी समुदायको केटी र मधेसी समुदायको केटाको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई पर्दामा ल्याएको बताए । यो चलचित्र आगामी माघ ११ गते प्रदर्शन हुने निर्माण पक्षले जनाएको छ ।

## रंगशाला

# जनकपुरधाममा रंगशाला बनाउन डिपिआर तयार गरिँदै

■ प्रभाव संवाददाता



**महेन्द्रनगर (धनुषा)**– मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधाममा रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला बनाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइरहेको बताएका छन् ।

आइतबारदेखि जनकपुरधाममा सुरु भएको 'जय ट्रफी मेन्स एलाइट कप'को उद्घाटन कार्यक्रममा मुख्यमन्त्री सिंहले सोमबार राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थानसँग प्रदेश सरकारले खेल मैदानका लागि सम्झौता गर्ने बताए । रंगशाला बनाउने स्थानको जमिन सरोकार भएका निकायसँगको सहमतिमा मालपोतबाट पास हुनेबित्तिकै प्रदेशस्तरीय मन्त्रिपरिषद्बाट निर्णय गरेर प्रतिवेदन संघीय सरकारसमक्ष पेस गरिने उनले उल्लेख गरे ।

करिब सात वर्षअघि भारत सरकारका तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासका लागि एक अर्ब रूपैयाँ उपलब्ध गराउने घोषणा गरेको रकम हालसम्म खर्च नभएकाले उक्त रकम रंगशाला निर्माणमा लगाउने मुख्यमन्त्री सिंहले जानकारी दिए । बाँकी रकम प्रदेश सरकारले लगानी गर्ने उनले बताए ।

भारत सरकारले प्रदान गर्ने भनिएको रकम खर्च गर्न प्रदेशस्तरीय मन्त्रिपरिषद्बाट निर्णय गरेर संघमा पठाउनुपर्ने बताउँदै मुख्यमन्त्री सिंहले संघ सरकारले स्वीकृत गरी भारतीय दूतावासमा पठाउनुपर्ने र दूतावासले स्वीकृति प्रदान गरेपछि मात्र बोलपत्र आह्वान गर्न सकिने जानकारी दिए । केही प्राविधिक त्रुटिका कारण अहिलेसम्म बोलपत्र आह्वान हुन नसकेको उनले उल्लेख गरे ।

गुठी संस्थानले राष्ट्रिय खेलकुद परिषद्सँग सम्झौता गरिसकेको अवस्थामा प्रदेश सरकारसँग जग्गा नभएकाले टिप्पणी उठाउन नसकिएको मुख्यमन्त्री सिंहले बताए । उनले रंगशालाका लागि दुई अर्ब ५० करोड रूपैयाँदेखि तीन अर्ब रूपैयाँसम्म खर्च लाग्ने अनुमानसहित बोलपत्र आह्वान गरिने जानकारी दिए । मुख्यमन्त्री सिंहले खेलकुदका साथै अन्य पूर्वाधार विकासमा पनि प्रदेश सरकारले युवासँग सहकार्य र समन्वय गरी अवसरहरू सिर्जना गर्दै जाने प्रतिबद्धता जनाए ।

जय ट्रफी उद्घाटन कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, नेपाल क्रिकेट संघ (क्यान)का उपाध्यक्ष रोशन सिंह, सचिव पारस खड्का, धनुषा क्रिकेट संघका अध्यक्ष गुड्डु पाण्डेय, विभिन्न राजनीतिक दलका प्रतिनितिधिलगायत खेलप्रेमीहरूको उपस्थिति थियो ।

# एन्फा यु–१६ फुटबल: फ्रेन्ड्स क्लब विजयी



**काठमाडौं (प्रस)**– एन्फा यु-१६ युथ लिग फुटबल प्रतियोगितामा फ्रेन्ड्स क्लबले सातदोबाटो युथ क्लबलाई पराजित गरेको छ । सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मैदानमा आइतबार भएको खेलमा फ्रेन्ड्सले युथ क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो ।

फ्रेन्ड्सको जितमा रिहान बुढा र दिवान थापाले समान एक/एक गोल गरे । दुवै गोल खेलको पहिलो हाफमा भएको थियो । खेल सुरुआती मिनेटमा नै फ्रेन्ड्सका रिहानले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाएका थिए ।

खेलको २२औं मिनेटमा दिवानले गोल गर्दै फ्रेन्ड्सको अग्रता दोब्बर बनाए । त्यसपछि खेलमा थप गोल हुन सकेन र अन्ततः फ्रेन्ड्सले सातदोबाटोमाथि २-० गोलअन्तरले जित निकालेको हो ।

## बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### निर्माण व्यवसायी श्री पी.आर. कन्स्ट्रक्सन प्रा. लि., सुनसरीलाई कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी ७ दिने सूचना

**(प्रकाशित मिति:- २०८१/०९/२२)**

तपाई श्री पी. आर. कन्स्ट्रक्सन प्रा. लि., सुनसरीले '**चादनी चौक नलबारी सडक कालोपत्रे, बेलबारी १०**' (BM/MOR/W/NCB/०७-२०७९-८०) ठेक्का कार्यको लागि सम्झौता गर्नु भएकोमा यस कार्यालयबाट पटक पटक लिखित तथा मौखिक ताकेता गर्नुका साथै मिति २०८१/०४ /२७ गतेका दिन पुन ताकेता गरेकोमा निजले उक्त कार्य २०८१/०७/३० सम्ममा सम्पन्न गर्ने प्रतिबदता पेश गरेको तथापि हालसम्म निर्माण कार्य सुचारू नगरेको तथा निर्माण सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले यस सूचना प्रकाशनको मितिले ७ दिनभित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरू तदारूकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०३४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause no. ५७.२ मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत तथा धरौटी बापतको रकम जफत गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराइन्छ । ठेक्का तोड्न नहुने केहि कारण भए ७ दिनभित्र स्पष्टिकरण पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Sudurpashchim Province Government
## Ministry of Physical Infrastructure Development
## Patharaiya Mohana Irrigation Management Office
Dhangadhi, Kailali

### Notice of Technical Bid Approval

Date of Publication: Jan 06, 2025

As per our Bids for Canal Maintenance and Structure Construction Work at Patharaiya & Mohana Irrigation Project, Invitation Notice Published in "Prabhab Dainik" on Dec 02, 2024. Submission of Bids up to 11:00 hrs of Jan 01, 2025 and their subsequent technical bid evaluation, this is to notify to all the bidders who submitted their technical bids that the following Responsive Bidders are selected for opening in Financial Proposal/bid. This notice has been published pursuant to clause 27(2) and (3) of Public Procurement Act 2063 for purpose of clause 47 of same Act, any bidder who disagrees with the decision, can give application for review within seven days starting from the date of publication of this notice. The financial proposal/bid will be opened at 11:00 on 13th Jan-2025 at same office.

| Contract No:PMIMO/NCB/Works/02/2081-82 | | Contract No:PMIMO/NCB/Works/03/2081-82 | |
|---|---|---|---|
| A) | KM-Malla/JV Dhangadhi,Kailali | A) | B&P-Pasamasta/JV Ajaymeru,Dadeldhura |
| B) | Malika Masta Nirman Sewa Lamkichuha Kailali | B) | Malika Masta -Masta /JV Lamkichuha Kailali |
| C) | B&P-Amikshya/JV Tikapur,Kailali | C) | Devi-MB/JV Dhangadhi,Kailali |
| D) | Bhauneli Nirman Sewa Betkot,Kanchanpur | D) | Bhauneli Nirman Sewa Betkot,Kanchanpur |
| | | E) | Pawan Construction Dhangadhi,Kailali |

**Office Chief**


**साउदीमा रोजगार** कम्पनी : AFAK AL YAMAMAH OPERATION AND MAINTENANCE COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ LT. No. 316604 चलानी नं. ६०२३०८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 25 | 0 | 1000 | ३६,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २९ गते (13th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १0,000 | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062

**युएइमा रोजगार** कम्पनी : SAFA EXPRESS SUPERMARKET - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ LT. No. 315641 चलानी नं.६०२३०८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 30 | 800 | २९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 0 | 70 | 1200 | ४४,७७५ | | | | | | | |

कम्पनी : K M TRADING COMPANY-SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ LT. No. 315643 चलानी नं.६०२३०८६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 30 | 800 | २९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 0 | 70 | 1200 | ४४,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: बिर्तामोड, Centerpoint Hotel मा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २ गते (15th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63

**साउदीमा रोजगार** कम्पनी : ARABIAN INSULATION INDUSTRIES COMPANY INSULATORS

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ LT. No. 316584 चलानी नं. ६०२३०९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 22 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४००/०७४/०७५

Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np

# नवनिर्वाचित सभामुख जोनसनलाई ट्रम्पको बधाई

**वासिङ्टन–** रिपब्लिकन नेता तथा अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले अमेरिकी कांग्रेसमा निर्वाचित सभामुख माइक जोनसनलाई बधाई दिएका छन् । जोनसोनको नेतृत्वले अमेरिकी संसद्को गरिमालाई थप उचाइमा पुऱ्याउने उनले बताएका छन् ।

'माइक संसद्मा एक विशेष सभामुखको भूमिका निभाउन सक्षम हुनुहुने छ र हाम्रो देश लाभार्थी हुने छ । अमेरिकी जनताले विवेक, क्षमता र नेतृत्वका लागि चार वर्ष पर्खेका छन्,' नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा लेखका छन्, 'अमेरिका पहिलेभन्दा महान् हुने छ !'

अमेरिकी राष्ट्रपति ट्रम्पको महत्त्वपूर्ण समर्थनमा रिपब्लिकन पार्टीका माइक जोनसनलाई अमेरिकी प्रतिनिधिसभाको सभामुखमा फर्काइएको हो । जोनसनले डेमोक्र्याटिक समूहसँग कानुन पारित गर्न सहयोग गरेपछि तत्कालीन 'ब्याकबेञ्चर' हरू उनीसँग खुसी थिएनन् । रिपब्लिकन पार्टीबाट प्रतिनिधि रहेका एक दर्जनभन्दा बढी सदस्यले जोनसनको नेतृत्वमाथि शंका व्यक्त गरेपछि उनको जित सुनिश्चित गर्न अमेरिकी राष्ट्रपतिमा निर्वाचित रिपब्लिकन नेता ट्रम्पले नै आफ्नो दलका सांसदहरूलाई विश्वास दिलाउनुपरेको थियो ।

अमेरिकी संसद्को 'मिडिया आउटलेट' पञ्चबोल न्युजका अनुसार ट्रम्पले व्यक्तिगतरूपमा जोनसनको विरोधमा राय राख्ने दुई सांसदसँग फोनमा कुरा गरेपछि जोनसनले सभामुख पदको आफ्नो महत्त्वाकांक्षालाई जीवित राख्न सफल भएका हुन् । सन् २०२३/२५ को सत्रमा विशेषगरी लुइजियानाका सांसदले खर्चवार्ताको व्यवस्थापनलाई लिएर जोनसनविरुद्ध आक्रोश व्यक्त गरेका थिए । अन्त्यमा मतदान सुरु हुँदा केवल तीन रिपब्लिकनकबाहेक अन्य सबैले जोनसनको पक्षमा मतदान गरेका थिए भने डेमोक्र्याटतर्फ सबै २१५ सदस्यले आफ्ना नेता हकिम जेफ्रिजलाई समर्थन गरेका थिए ।

'चार वर्षको उच्च मुद्रास्फीतिपछि, हामीसँग ठूलो एजेन्डा छ । हामीले धेरै काम गर्न बाँकी छ र यसलाई द्विदलीय सहकार्यमा अघि बढाउन सक्छौं,' सभामुखमा आफू निर्वाचित बनेपछि जोनसनले भने ।

'हामी उच्च मुद्रास्फीतिसँग लड्न सक्छौं र यो हामीले गर्नैपर्छ । हामीले अमेरिकीहरूलाई राहत दिने छौं भने ट्रम्पको कर कटौतीसम्बन्धी नीतिलाई विस्तार गर्ने छौं । हामी सरकारको आकार र दायरामा भारी कटौती गर्न जाँदै छौं, हामी जनतामा शक्ति फिर्ता गर्न जाँदै छौं। केन्टुकी कन्जरभेटिभ कट्टरपन्थी थोमस मासीको अपवादबाहेक जोनसनको विरोध सधैं नरम देखिन्थ्यो । उनले हप्ताको अधिकांश समय फोन गरी उनको उम्मेदवारीको विरोध गर्ने 'कन्जरभेटिभ'हरूसँग बैठक आयोजना गरेको बताइएको छ । *रासस/एएफपी*

# ड्रोन आक्रमणमा परी रूसी पत्रकारको मृत्यु

**मस्को–** युक्रेनको डोनेट्स्क क्षेत्रमा भएको ड्रोन आक्रमणमा परी एक रूसी युद्ध संवाददाताको मृत्यु हुनुका साथै अन्य चार जना सञ्चारकर्मी घाइते भएका रसियाली समाचार संस्था रिया नोभोस्तीले शनिबार जनाएको छ ।

डोनेट्स्क-गोर्लोभका राजमार्गमा रूसी पत्रकार चढेको कारमा ड्रोन प्रहार हुँदा रूसी पत्रिका इज्वेस्टियाका स्ट्रिङर अलेक्जेन्डर मार्टेमियानोभको मृत्यु भएको समाचारमा जनाइएको छ । 'गोर्लोभकामा भएको गोलाबारीपछिको दृश्यांकनपछि हामी डोनेट्स्क फर्किरहेका थियौं । राजमार्गमा मानव ड्रोनले हाम्रो कारलाई ठक्कर दियो,' आरआइए नोभोस्तीका संवाददाता म्याक्सिम रोमानेन्कोले भने । डोनेट्स्क क्षेत्रका प्रमुख डेनिस पुशिलिनले टेलिग्राममा सबै घाइते पत्रकारको उपचार भइरहेको बताएका छन् । रूसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले रूसी पत्रकारमाथि हुने आक्रमणका लागि 'उचित समयमा प्रतिक्रिया' दिइने बताएका छन् । *रासस/एएफपी*

# जापानमा बर्डफ्लुको प्रकोप

**टोकियो–** जापानको उत्तरी इवाते क्षेत्रको एक फार्ममा बर्डफ्लुको प्रकोप फैलिएपछि जापानका अधिकारीहरूले आइतबारदेखि करिब ५० हजार कुखुरा नष्ट गर्न सुरु गरेका छन् ।

जापानमा बर्डफ्लुको यो १९औं प्रकोप भएको कृषि मन्त्रालयले जनाएको छ । पछिल्लो फार्ममा कुखुराको मृत्युदर बढ्दै गएको र आइतबार गरिएको परीक्षणमा फार्मका कुकुरामा बर्डफ्लुको संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

यसले गर्दा त्यहाँ ५० हजार कुखुरालाई नष्ट गरिएको क्षेत्रीय प्रशासनले जनाएको छ। इवातेले तीन किलोमिटर (१.८६ माइल) को परिधिभित्र रहेका अन्य दुई फार्ममा राखिएका १७ हजार पक्षीको आवागमनमा पनि प्रतिबन्ध लगाएको छ । संक्रमित फार्मको १० किलोमिटरभित्र राखिएका करिब ३८ लाख चरा तत्कालका लागि उक्त षेत्रबाट बाहिर जानबाट रोकिने छ । *रासस/एएफपी*

## युएइ/साउदीमा रोजगार

कम्पनी : **Union Rebar Factory LLC**

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 316648 | चलानी नं. ६०२३०८६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labour | 50 | 0 | 900 | ३३,५८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Ras Al Khaleej General contracting Company is a one person limited liablity company**

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 316646 | चलानी नं. ६०२३०८६९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६५,६९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २९ गते (13 Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. ८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## Bakaiya Rural Muncipality
## Office of Rural Municipal Executive
### Hattisunde, Makawanpur
### Bagmati Province, Nepal

## Invitation for Electronic Bids

**Date of publication: January 06, 2025 (2081 Poush 22)**

**Bakaiya Rural Muncipality, Hattisude, Makwanpur** invites electronic bids from eligible bidders for below mentioned **Construction Works** under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Works | Estimated Amount NRs. (with VAT) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|
| BRM/SQW/*01*//081-082 | CONSTRUCTION OF TAMANG MUSIUM BUILDING, BAKAIYA-5 | *Rs. 16,94,524.79* | *42,000.00* | *1000.00* |

**Note: Site visit is strongly advised to bidder before submission of bid.**

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

## कुवेतमा रोजगार

कम्पनी : **GROW AND GLOW NURSERY**

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316505 | चलानी नं. ६०२३०८६५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | BABY SITTER | 0 | 14 | 120 | ५३,३०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 10 | 120 | ५३,३०९ | | | | | | | |
| 3 | Light Driver | 1 | 0 | 140 | ६२,१९४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## जापानमा रोजगार

कम्पनी : **KAMS BUSSINESS COOPERATIVE**

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | LT. No. 315831 | चलानी नं. ६०२३०९४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Painting | 3 | 0 | 195384 | १७०,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **KAMS BUSSINESS COOPERATIVE**

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316623 | चलानी नं. ६०२३०९८७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Interior Finishing | 3 | 0 | 181104 | १५७,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : **KAMS BUSSINESS COOPERATIVE**

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 315832 | चलानी नं. ६०२३०९४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Painting | 3 | 0 | 195384 | १७०,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
  1. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
  2. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
  3. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

  **नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।
- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

  द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Florida Recruitment Service Pvt. Ltd.**
Kathmandu-3, Lazimpat. Tel : +977-1-4415253/ 4415252, Fax: +977-1-4415253
Govt. License 322/059/060

## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### रजैया, मकवानपुर
### बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८१/०९/२२

यस मनहरी गाउँपालिका अन्तर्गत लामिटार चकरी सडक स्तरीकरण निर्माण कार्यको लागी मिति २०८१-०७-०९ गते प्रकाशित सूचना अनुसार समय सीमा भित्र दर्ता हुन आएका बोलपत्रहरूको नियमानुसार मूल्यांकन समितिबाट मूल्यांकन गरी न्युनतम् मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भनि स्वीकृतको लागी सिफारिस भए अनुसार तपसिलको सिलबन्दी बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागी छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजीम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि. नं. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम | कामको विवरण | कबोल अंक (मु.अ.क.र पि .एस . सहित) |
|---|---|---|---|---|
| १. | UGR/NCB/ MAN-07/081-82 | M/S Trailokya Builders And Consultants Mahalaxmi-5 Lalitpur | Upgrading of Lamitar Chakari Makari Road (Lamitar and Chakari Section) | २,०२,७८,४०४।६८ |

प्रमुख प्रशासकीय अधिकृत

## साउदीमा रोजगार

कम्पनी : **WISSAM AL ARABIA FOR MAINTANANCE FOR CLEANING** — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316370 | चलानी नं. ६०२३०८२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | OFFICE CUM CLEANING BOY | 10 | 0 | 1000 | ३६,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २८ गते (12th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com

## युएइमा रोजगार

कम्पनी : **PLATINUM HANDS FACILITY MANAGEMENT SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२१ | LT. No. 301939 | चलानी नं. ६०२१७०४७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Indoor Cleaners | 76 | 10 | 800 | २९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ace Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : **SAMARA AL KHALEEJ TRADING COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/०९/१९ | LT. No. 316633 | चलानी नं. ६०२३०८५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Wooden Flooring Installer | 2 | 0 | 1200 | ४३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13 Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५२००० | प्रति तोला – ० | प्रति तोला – १८१० |



**कच्चा प्लाई उठाउँदै** | सुनसरीको इनरुवा नगरपालिका–५ स्थित एक प्लाई उद्योगमा घाममा सुकाइएको कच्चा प्लाई उठाउदै श्रमिक । उद्योग वाणिज्य संघ इनरुवाका अनुसार यहाा हाल १६ वटा प्लाई उद्योग सञ्चालनमा छन् । *तस्बिरः नवीन गड्तौला/रासस*

# बिपी राजमार्ग पुनर्निर्माणमा साढे नौ अर्ब खर्च हुने, स्रोत अझै अनिश्चित

क्षतिग्रस्त सडकखण्ड पुनर्निर्माण गर्न गरिएको अध्ययनअनुसार लाग्ने लागतको स्रोत सुनिश्चित भएको छैन । दातृ निकाय तथा नेपाल सरकारबाटै स्रोत सुनिश्चित भएपछि ठेक्का खोल्ने प्रक्रियातिर लाग्छौं ।

**सुमन योगेश**
प्रमुख, डिभिजन सडक कार्यालय भक्तपुर



**प्रभाव संवाददाता**

**काभ्रेपलाञ्चोक–** गत असोज दोस्रो साताको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको विभिन्न सडकखण्डको पुनर्निर्माणका लागि करिब नौ अर्ब ६६ करोड रूपैयाँ खर्च हुने भएको छ । बाढीपछि गरिएको अध्ययनअनुसार पुनर्निर्माणमा ठूलो धनराशि खर्च हुने पाइएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार बिपी राजमार्गअन्तर्गत भकुण्डेबाट नेपालथोकसम्मको विभिन्न स्थानमा पुनर्निर्माण गर्न उक्त रकम खर्च हुने अनुमान गरिएको हो । उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडाबाट रोशी गाउँपालिकाको कालढुंगासम्म १२ किलोमिटर सडकखण्डमध्ये आठ किलोमिटर सडक पूर्णरूपमा क्षति पुगेको थियो । कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार उक्त सडकमा तीन किसिमका पर्खाल (आरसिसी रिटेनिङ, प्लम र गेभियन वाल) लगाउनुपर्ने अध्ययनबाट देखिएको छ ।

'अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, पर्खाल लगाउने भन्नेबारे छलफलपछि निष्कर्ष निकालिने छ,' उनले भने । कार्यालय प्रमुख योगेशका अनुसार खोलाको बाढी आउन सक्ने ठाउँमा आरसिसी वाल लगाउनुपर्ने देखिएको छ भने कतै प्लम वाल र कतै गेभियन वाल लगाउनुपर्ने अध्ययनले देखाएको छ ।

क्षतिग्रस्त सडक पुनर्निर्माण गर्न स्रोत सुनिश्चितताको पर्खाइमा रहेको प्रमुख योगेश बताउँछन् । 'सडकखण्ड पुनर्निर्माण गर्न गरिएको अध्ययनअनुसार लाग्ने लागतको स्रोत सुनिश्चित भएको छैन, दातृ निकाय तथा नेपाल सरकारबाटै स्रोत सुनिश्चित भएपछि ठेक्का खोल्ने प्रक्रियातिर लाग्छौं,' उनले भने । राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गत कात्तिक दोस्रो साता अध्ययन गरेको थियो ।

उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग छलफल गरेका थिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जाइकासँग उक्त सडकखण्ड पुनर्निर्माणका लागि सहयोगको प्रस्ताव गरिसकेको छ । मन्त्रालय जाइकाको प्रतिवेदन र जवाफको पर्खाइमा रहेको छ । मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्ने तयारी छ । यस्तै दातृ निकायहरू एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर भए पनि राजमार्ग पुनर्निर्माणको तयारी छ । सचिव शर्मा आगामी फागुनसम्ममा ठेक्का प्रक्रिया अघि बढाउने तयारी भइरहेको बताउँछन् ।

पुनर्निर्माणका लागि स्रोत सुनिश्चित लम्बिए आउने वर्षको वर्षामा यातायात सञ्चालनमा कठिनाइ व्यहोर्नुपर्ने प्रमुख योगेशले बताए । उनले भने, 'हाल स्रोत सुनिश्चित भएको भए काम सुरु गर्थ्यौं, अब ढिला भयो भने वर्षाभरि यातायात सञ्चालन नहुन पनि सक्छ ।' उनका अनुसार पूर्णरूपमा सडक पुनर्निर्माण गर्न कम्तीमा दुई वर्ष लाग्छ ।

बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास)अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त छ । बाढीपहिरोले अवरुद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइए पनि सुक्खा पहिरोको जोखिमका कारण कार्यालयले गत असोज ३० गतेदेखि नै साँझ छ बजेदेखि १० घण्टा (रातको समय) यातायात सञ्चालनमा रोक लगाउँदै आएको छ । राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी २०७२ असार १८ गते निर्माण सम्पन्न गरी औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । जाइकाले उक्त राजमार्ग निर्माण गर्दा प्रतिकिलोमिटर ३५ करोड रूपैयाँ लागत थियो ।

# पुल्चोक क्याम्पसमा 'ट्रान्सफर्मर परीक्षण प्रयोगशाला'

**प्रभाव संवाददाता**

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पुल्चोक क्याम्पसमा निर्माण गरिएको 'ट्रान्सफर्मर परीक्षण प्रयोगशाला'को शुभारम्भ गरेका छन् । मन्त्रालयको आर्थिक सहयोगमा ट्रान्सफर्मर परीक्षण प्रयोगशाला निर्माण गरिएको हो ।

कार्यक्रममा मन्त्री खड्काले सुरक्षित विद्युत् प्रवाहमा उक्त प्रयोगशालाबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले विद्युत्मा ठूलो धनराशि खर्च भइरहेको बेलामा यसलाई कसरी सुरक्षित र भरपर्दो बनाउन सकिन्छ त्यसतर्फ अध्ययन अध्यापनको आवश्यकता रहेको उल्लेख गरे ।

सरकारले सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित 'ऊर्जा विकास मार्गचित्र-२०८१' मन्त्रिपरिषद्बाट पास गरेको उल्लेख गर्दै मन्त्री खड्काले सो लक्ष्य पूरा गर्दै गर्दा हजारौं इन्जिनियरले रोजगारी पाउने बताए । ऊर्जा क्षेत्रमा प्राविधिक जनशक्तिको ठूलो अभाव रहेको उनको भनाइ थियो । मुलुक निर्माणमा इन्जिनियरको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै मन्त्री खड्काले भने, 'मुलुकको आर्थिक विकासका लागि इन्जिनियरको ज्ञान, सीप र क्षमताको खाँचो छ ।'

मन्त्रालयका सचिव सुरेश आचार्यले सरकारले राखेको जलविद्युत् विकासको मार्गचित्रलाई पूरा गर्न यस्ता प्रयोगशालाबाट सहयोग पुग्ने बताए । उनले आगामी दिनमा सरकारले यस्ता कार्यक्रमलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले सुरक्षित, नियमित, किफायती र भरपर्दो विद्युत् उत्पादनतर्फ सरकार लागिपरेको बताए । उनले उत्पादकको प्राविधिक, प्रसारणको प्राविधिक पाटोमा हुने कार्यान्वयनमा नियमनकारी भूमिका निर्वाह गर्ने बताए ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणमा इलेक्ट्रिकल इन्जिनियरको अभाव रहेको बताए । उनले लामो समयसम्म दरबन्दी बढाउन नसक्दा रोकिएको इलेक्ट्रिकल इन्जिनियरको विज्ञापन भर्खरै खुलेकाले आगामी दिनमा प्राधिकरणलाई इलेक्ट्रिकल इन्जिनियरको हब बनाइने उल्लेख गरे ।

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानका डिन प्रा.डा. सुशीलबहादुर बज्राचार्य, पुल्चोक क्याम्पसका सहायक क्याम्पस प्रमुख नवीनकुमार झा, पुल्चोक क्याम्पस इलेक्ट्रिकल इन्जिनियर विभागका प्रमुख युवराज अधिकारीलगायतले इलेक्ट्रिकल इन्जिनियरको संख्या बढाउन अध्ययन र अनुसन्धानमा सरकारले सहयोग गर्नुपर्ने बताए ।

# राष्ट्रिय व्यवसायी महासंघमा श्रेष्ठ

**काठमाडौं (प्रस)–** देशभरका साना तथा मझौला उद्योगी व्यवसायीको छाता संस्था नेपाल राष्ट्रिय व्यवसायी महासंघको अध्यक्षमा मनोजबाबु श्रेष्ठ निर्वाचित भएका छन् ।

महासंघको शनिबार सम्पन्न सातौं वार्षिक साधारणसभा एवं तेस्रो महाधिवेशनबाट श्रेष्ठको नेतृत्वमा ९२ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको हो । अध्यक्ष श्रेष्ठ खिचापोखरी-न्युरोड व्यापार संघको पूर्वअध्यक्षसमेत हुन् ।

यस्तै, महासंघको वरिष्ठ उपाध्यक्षमा कमल अग्रवाल र हरिबहादुर गौतम, प्रथम उपाध्यक्षमा लक्ष्मी खड्का र हरिप्रसाद पाण्डे, १३ उपाध्यक्षमा गणेशकुमार न्यौपाने, गोरखबहादुर थापा, कुसुम महर्जन, दीपकचन्द्र प्रधान, रामप्रसाद अवाल, जयकृष्ण शर्मा, पार्वती पौडेल भट्ट, धिरेन्द्र रिजाल, मिलन श्रेष्ठ, शिवप्रसाद ढकाल, सागर शाक्य, रामकुमार तिमल्सिना र लेखनाथ पौडेल चयन भएका छन् ।

यसैगरी, महासचिवमा नवीन लुइँटेल, उपमहासचिवमा रामकुमार पण्डित, नारायणप्रसाद न्यौपाने र लवराज भण्डारी, सात सचिवमा किशोरकुमार गौतम, केदारप्रसाद न्यौपाने, विजुरत्न बज्राचार्य, देवराज कार्की, सुरेन्द्रराज सुवेदी, गोपाल घिमिरे र पृथ्वीनारायण अधिकारी चयन भएका छन् ।

सात सहसचिवमा प्रदीप घिमिरे, हरिप्रसाद पाण्डे, सुमित लामा, दीपककुमार श्रेष्ठ, जयराज बजगाईं र मुलुकसिंह तामाङ, कोषाध्यक्षमा हिमलाल खराल र सहकोषाध्यक्षमा त्रिलोचन सुवेदी, यमुना श्रेष्ठ र राममणि भट्टराईलाई चयन गरिएको छ । साना तथा मझौला व्यवसायीको हकहित र अधिकारका लागि स्थापना भएको उक्त महासंघमा हाल देशभरका दुई दर्जनभन्दा बढी संघ आबद्ध छन् । महासंघमा हाल २५ हजारभन्दा बढी व्यवसायी आबद्ध रहेको महासंघका निवर्तमान अध्यक्ष कुमार कार्कीले जानकारी दिए ।

# रैथाने बीउ जोगाउन मुगुको खत्याडमा प्रदर्शनी मेला

**दानबहादुर बुढा**

**मुगु–** जिल्लाको पश्चिमी भेगमा रहेको खत्याड गाउँपालिकाको रातापानीमा आयोजना गरिएको एकदिने स्थानीय रैथानेबालीको बीउ प्रदर्शनी मेला शनिबार सकिएको छ । जिल्लाको अन्नको भण्डार मानिने उक्त गाउँपालिकामा पुर्खादेखि खेती गर्दै आएका स्थानीय धान, कोदो, मकै, फापर, चिनो, कागुनो, मार्से, भटमास, गहत तथा अन्य तरकारी, लोपोन्मुख अन्नबाली, फलफूलको प्रदर्शनी गरिएको हो । प्रदर्शनीमा ४९० प्रकारका वस्तुहरू अवलोकन तथा बिक्रीका लागि राखिएको थियो ।



गाउँपालिकामा उत्पादन हुने अन्नबाली, तरकारीको बीउबिजन, फलफूल पछिल्लो समयमा बाहिरबाट आयतीत बीउले विस्थापित हुने क्रम बढेपछि रैथानेबालीको संरक्षणका लागि मेला आयोजना गरिएको जनाइएको छ । स्थानीय रैथाने बीउहरूको संरक्षण संरक्षण तथा प्रवर्द्धन गर्ने उदेश्यले सामाजिक सेवा अध्ययन केन्द्र खत्याडको आर्थिक सहयोग, खत्याड गाउँपालिकाको समन्वयमा, खत्याड बहुउद्देश्य सहकारी संस्था लिमिटेड र हेरेन्डेक नेपालको आयोजनामा सञ्चालन गरिएको मानवअधिकार विकास केन्द्र हेरेन्डेक मुगुका कार्यक्रम प्रबन्धक नवराज रावलले जानकारी दिए ।

यो मुगु फरक बस्ती र फरक हावा पानी भएको जिल्ला हो । त्यसैमाथि खत्याड गाउँपालिका हिमालमा पाइने जडीबुटी तराईमा पाइने आँप, सुन्तला फल्ने पालिका हो । विगतमा पुर्खाले लगाउने अन्नबाली तथा अन्य तरकारी, फलफूलको बीउ मासिँदै जान लागेको समयमा बीउ संरक्षणका लागि आयोजना गरिएको मेला प्रभावकारी बनेको आयोजकले जनाएको छ ।

# सामान्य अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा सामान्य सुधार देखिएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अंकले बढेको हो । यसदिन नेप्से परिसूचक ५.३२ अंकले बढेर दुई हजार ५९१.५६ को बिन्दुमा कायम भएको नेप्सेले जनाएको छ ।

आइतबार ३२७ कम्पनीका ९३ लाख ८६ हजार ७२१ कित्ता सेयर ६१ हजार १६७ पटक खरिदबिक्री हुँदा चार अर्ब ८६ करोड दुई लाख एक हजार रूपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आइतबारको कारोबारमा बैंकिङ ०.५५, वित्त १.०४, उत्पादन तथा प्रशोधन ०.६०, लघुवित्त ०.१४ र म्युचुअल फन्ड ०.७४ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक ०.०२, होटल तथा पर्यटन ०.६०, जलविद्युत् १.६७ र लगानी समूह ०.३९ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बिमा ०.२७, निर्जीवन बिमा ०.०४, व्यापार १.१४ र अन्य समूह ०.१० प्रतिशतले बढेको छ ।

तीनवटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेड र ग्रीन भेञ्चर्स लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको हो । नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य ८.८८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै जानकी फाइनान्स कम्पनी लिमिटेडको १९ करोड नौ लाख ५० हजार रूपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको तीन लाख ८३ हजार ५०६ कित्ता सेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ